# राष्ट्रिय स्वतन्त्र पार्टी
## National Independent Party
## (रास्वपा)

# विधान
## २०७९
(तेस्रो संशोधन २०८१ सहित)

केन्द्रीय कार्यालय: काठमाडौं, नेपाल
Central Office: Kathmandu, Nepal

# राष्ट्रिय स्वतन्त्र पार्टी

## National Independent Party

## (रास्वपा)

# विधान

## २०७९

(तेस्रो संशोधन २०८१ सहित)

संशोधित मिति : २०८१।०५।३१

केन्द्रीय कार्यालयः काठमाडौं, नेपाल

Central Office: Kathmandu, Nepal

# विषय सूची

प्रस्तावना ............................................................ १

भाग - १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ ............................................................ १
२. परिभाषा ............................................................ २

भाग - २
पार्टीको नाम र कार्यालय सम्बन्धी व्यवस्था

३. पार्टीको नाम र कार्यालय ............................................................ ३
४. पार्टी स्वशासित र संगठित संस्था हुने ............................................................ ३

भाग - ३
पार्टीको छाप, चिन्ह, झण्डा र घोषणापत्र

५. पार्टीको छाप ............................................................ ४
६. पार्टीको चिन्ह ............................................................ ४
७. पार्टीको झण्डा ............................................................ ४
८. पार्टीको घोषणापत्र ............................................................ ४

भाग - ४
पार्टीको दर्शन, उद्देश्य, कार्यक्रम र निर्देशक सिद्धान्त

९. पार्टीको दर्शन र प्रतिबद्धता ............................................................ ४
१०. पार्टीको उद्देश्य र कार्यक्रम ............................................................ ५
११. पार्टीको निर्देशक सिद्धान्त ............................................................ ५

## भाग - ५
## पार्टीको सदस्यता, नवीकरण र अभिलेख सम्बन्धी व्यवस्था


१२. पार्टीको सदस्य ........ ६
१३. पार्टी सदस्यको योग्यता ........ ७
१४. पार्टी सदस्यताको समाप्ति ........ ७
१५. सदस्यता वितरण प्रक्रिया ........ ८
१६. सदस्यताको अभिलेख ........ ८
१७. सदस्यता शुल्क र नवीकरण ........ ८
१८. पार्टी सदस्यको अधिकार र कर्तव्य ........ ८
१९. सदस्यता पुनः प्राप्ति ........ ९


## भाग - ६
## पार्टीको संगठनात्मक संरचना


२०. केन्द्रीय तह ........ ९
२१. प्रदेश तह ........ १०
२२. स्थानीय तह ........ १०


## भाग - ७
## केन्द्रीय तह (महाधिवशेन, परिषद, समिति तथा पार्टी सचिवालय)


२३. राष्ट्रिय महाधिवेशन ........ ११
२४. केन्द्रीय परिषद ........ १३
२५. केन्द्रीय समिति ........ १४
२६. पार्टी सचिवालय ........ २३


## भाग - ८
## प्रदेश तह (अधिवेशन, परिषद, समिति तथा सचिवालय)


२७. प्रदेश अधिवेशन ........ २५

२८. प्रदेश परिषद् ..... २६
२९. प्रदेश समिति ..... २८
३०. प्रदेश सचिवालय ..... ३५

## भाग - ९
## स्थानीय तह (अधिवेशन, परिषद, समिति तथा सचिवालय)

३१. जिल्ला अधिवेशन ..... ३६
३२. जिल्ला परिषद् ..... ३७
३३. जिल्ला समिति ..... ३९
३४. निर्वाचन क्षेत्र समिति गठन ..... ४४
३५. पालिका अधिवेशन ..... ४८
३६. पालिका परिषद् ..... ४९
३७. पालिका समिति ..... ५१
३८. वडा अधिवेशन ..... ५७
३९. वडा परिषद् ..... ५८
४०. वडा समिति ..... ५९

## भाग - १०
## राष्ट्रिय महाधिवेशन र अधिवेशन सम्वन्धि थप व्यवस्था

४१. अधिवेशन र महाधिवेशन सम्बन्धी थप व्यवस्था ..... ६४
४२. प्रथम राष्ट्रिय महाधिवेशन र अधिवेशनहरु ..... ६५

## भाग - ११
## विभागहरु

४३. संरचनागत विभाग ..... ६५
   १. संगठन विभाग ..... ६५
   २. र्‍याट (Rapid Action Team - RAT) समन्वय विभाग तथा र्‍याट (Rapid Action Team - RAT) ..... ६६

३. प्रवास नेपाली सम्पर्क विभाग ........ ६७
४. सम्पर्क विभाग ........ ६७
**४४. पार्टीको विषयगत विभागहरु ........ ६८**

## भाग - १२
## सल्लाहकार परिषद्

**४५. सल्लाहकार परिषद ........ ७०**

## भाग - १३
## अनुशासन आयोग, लेखा आयोग, निर्वाचन आयोग

**४६. केन्द्रीय अनुशासन आयोग ........ ७०**
**४७. अनुशासनात्मक कारवाही प्रक्रिया ........ ७२**
**४८. केन्द्रीय लेखा आयोग ........ ७४**
**४९. केन्द्रीय निर्वाचन आयोग ........ ७५**

## भाग - १४
## योग्यता, पद रिक्त, पद मुक्त तथा पदपूर्ति

**५०. समितिका सदस्य वा पदाधिकारको योग्यता ........ ७७**
**५१. पद रिक्त हुने अवस्था ........ ७७**
**५२. पार्टी पदाधिकारी तथा सदस्यहरु पदमुक्त हुने अवस्था ........ ७८**
**५३. पदपूर्ति सम्बन्धी व्यवस्था ........ ७८**

## भाग - १५
## तहगत कार्यालय

**५४. केन्द्रीय कार्यालय ........ ८०**
**५५. प्रदेश जिल्ला पालिका कार्यालय ........ ८०**

## भाग - १६
## पुनरावेदन


५६. पुनरावेदन सम्बन्धी प्रक्रिया ........ ८१


## भाग - १७
## पार्टीको कोष तथा लेखा परीक्षण


५७. पार्टी कोष ........ ८२
५८. पार्टीको कोषको सञ्चालन तथा व्यवस्थापन ........ ८२
५९. लेखा परीक्षण ........ ८३


## भाग - १८
## बैठक र निर्णय


६०. बैठक बोलाउने तथा निर्णय गर्ने सम्बन्धी व्यवस्था ........ ८३
६१. गणपुरक संख्या ........ ८४


## भाग - १९
## लिडरसीप एकेढेमी र उमेदवार क्लब


६२. लिडरसीप एकेडेमी ........ ८४
६३. उमेदवार क्लब ........ ८५


## भाग - २०
## प्रारम्भिक निर्वाचन (उम्मेदवार छनोट) र निर्वाचित जनप्रतिनिधि


६४. उम्मेदवारको योग्यता ........ ८५
६५. प्रारम्भिक निर्वाचन ........ ८६


## भाग - २१
## संसदीय दल


६६. संघिय संसदीय दल(प्रतिनिधी सभा र राष्ट्रिय सभा), प्रदेश सभा संसदीय दल, स्थानीत तह दल ........ ८७
६७. पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता छनोट ........ ८९

६८. पालिका सभा दल, प्रदेश सभा दल, प्रतिनिधि सभा दल, राष्ट्रिय सभा दल र संघीय संसदीय दलको व्यवस्था ........ ९१
६९. जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार ........ ९१

## भाग - २२
## कार्यसम्पादन मूल्याङ्कन तथा परिवारवादलाई निषेध

७०. कार्यसम्पादन मूल्याङ्कन ........ ९२
७१. परिवारवादलाई निषेध ........ ९२

## भाग - २३
## विविध

७२. पार्टी एकीकरण हुने अवस्था ........ ९३
७३. पार्टी एकीकरण वा विभाजन ........ ९३
७४. पार्टी सदस्यलाई एजेण्डा उठाउने अधिकार ........ ९३
७५. पार्टीका तहगत समितिबीचको सम्बन्ध ........ ९३
७६. पार्टीका सदस्यहरुमा सार्वभौमिकता निहित ........ ९४
७७. विधान संशोधन ........ ९४
७८. विधानको व्याख्या ........ ९४
७९. नियमावली बनाउने र जारी गर्ने ........ ९४
८०. बाधा अडकाउ फुकाउ ........ ९४
८१. युवा सहभागिता ........ ९४
८२. समानुपातिक समावेशी ........ ९४
८३. समानता र योग्यता ........ ९४
८४. शपथ ग्रहण ........ ९५
८५. परिवर्तनशील नेतृत्व प्रणाली ........ ९५
८६. सम्पर्क व्यक्ति ........ ९५
८७. संक्रमणकालीन व्यवस्था ........ ९५
८८. खारेजी र बचाउ ........ ९६

## अनुसूचीहरू

अनुसूची - १ .................... ९७

अनुसूची - २ .................... ९८

अनुसूची - ३ .................... ९९

अनुसूची - ४ .................... १००

# राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९

## (तेस्रो संशोधन २०८१ सहित)

संशोधित मितिः २०८१।०५।३१

निर्वाचन आयोगमा अभिलेखिकरण मितिः २०८१।०९।२८

### प्रस्तावना

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वतन्त्रता, राष्ट्रिय एकता र स्वाभिमानलाई अक्षुण्ण राख्दै,

मुलुकमा लोकतन्त्र, विधिको शासन, सामाजिक न्याय, मानवअधिकार, सुशासन र समृद्धिका खातिर नेपाली नागरिकले पटक पटक गरी आएको आन्दोलन, त्याग र संघर्षको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै,

नेपाली नागरिकमा अन्तर्निहित सार्वभौमिकताको संरक्षण र संवर्द्धन गर्दै, जनसहभागितामूलक लोककल्याणकारी राज्यव्यवस्था, समावेशी, समतामूलक र जनउत्तरदायी राज्य सञ्चालनको संस्कृतिको विकास गर्दै,

नेपालको संविधानले परिकल्पना गरे अनुसारको सुशासन, विकास र समृद्धिका लक्ष्यहरु पूरा गर्नको लागि नागरिकको जीवनस्तरमा सुधार ल्याउने परिकल्पनामा प्रतिबद्ध रही राजनीतिक संगठन मार्फत् नेपाली जनता र राष्ट्रको सर्वाङ्गीण विकासको निमित्त राष्ट्रिय स्वतन्त्र पार्टीको स्थापना गरी यो विधान जारी गरिएको छ ।

### भाग - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस विधानको पूरा नाम **"राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९"** रहेको छ ।

(२) यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) **'पार्टी'** भन्नाले 'राष्ट्रिय स्वतन्त्र पार्टी' भन्ने बुझिनेछ ।

(ख) **'विधान'** भन्नाले 'राष्ट्रिय स्वतन्त्र पार्टीको विधान' बुझिनेछ ।

(ग) **'नियमावली'** भन्नाले 'राष्ट्रिय स्वतन्त्र पार्टीको नियमावली, २०७९' बुझिनेछ ।

(घ) **'सदस्य'** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यलाई बुझाउनेछ।

(ङ) **'सभापति'** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत समितिका सभापतिहरूलाई बुझाउनेछ ।

(च) **'समिति'** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत समितिहरूलाई बुझाउनेछ ।

(छ) **'कार्यालय'** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत कार्यालयलाई बुझाउनेछ ।

(ज) **'पदाधिकारी'** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको तहगत समितिका सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री, कोषाध्यक्ष, सहकोषाध्यक्ष, प्रवक्ता, सहप्रवक्ता, सचिव आदिलाई बुझाउनेछ ।

(झ) **'निकाय'** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका विभिन्न तहगत समिति, विभाग, आयोग वा पार्टी सम्बद्ध संरचनाहरूलाई बुझाउनेछ ।

(ञ) **'संसदीय दल'** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रादेशिक सभा र पालिका सभाको संसदीय दललाई बुझाउनेछ ।

(ट) **'स्थानीय समिति वा सभा'** भन्नाले नेपाल सरकारले निर्दिष्ट गरेको स्थानीय तह मानिएको गाउँपालिका, नगरपालिका, उपमहानगर पालिका वा महानगरपालिकामा क्रियाशील पार्टीका समिति वा सभालाई बुझाउनेछ।

(ठ) **'निर्वाचन क्षेत्र'** भन्नाले संघ तथा प्रदेश प्रतिनिधि छनौट गर्ने क्षेत्र बुझाउनेछ ।

(ड) **'लिडरसीप एकेडेमी'** भन्नाले पार्टीमा नेतृत्व लिएका र उम्मेदवारको आकांक्षीहरुलाई क्षमता विकासका तालिम, कार्यशाला लगायतका कार्यक्रम गर्ने निकायलाई बुझाउनेछ ।

(ढ) **'परिषद्'** भन्नाले पार्टीको विधान बमोजिम तहगत समितिको वृहत्तर भेलालाई बुझाउनेछ ।

## भाग - २
## पार्टीको नाम र कार्यालय

### ३. पार्टीको नाम र कार्यालय

(१) यस पार्टीको नाम **"राष्ट्रिय स्वतन्त्र पार्टी"** रहनेछ । यसलाई अंग्रेजीमा **Rastriya Swatantra Party**, नेपालीमा संक्षिप्तमा "**रास्वपा**" र अंग्रेजीमा संक्षिप्तमा **RSP** भनिनेछ । अंग्रेजी अनुवाद प्रयोजनको लागि **National Independent Party** भन्ने बुझाउनेछ ।

(२) पार्टीले संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा तत् तत् निकायले कार्यालय स्थापना गर्न सक्नेछ ।

(३) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(४) पार्टीको प्रदेश तहको कार्यालय सम्बन्धित प्रदेशको राजधानीमा रहनेछ । आवश्यकता अनुसार अन्य स्थानमा सम्पर्क कार्यालय समेत खोल्न सक्नेछ ।

(५) पार्टीको जिल्ला कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ ।

(६) पार्टीको स्थानीय तहको कार्यालय सम्बन्धित स्थानीय तहमा रहनेछ ।

### ४. पार्टी स्वशासित र संगठित संस्था हुने

(१) यस विधान बमोजिम दर्ता भएको पार्टी अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(२) पार्टीले प्रचलित कानुनको अधीनमा रही व्यक्ति सरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(३) पार्टीले आफ्ना नामबाट नालिस उजुर गर्न र पार्टी उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(४) पार्टीले प्रचलित कानुनको अधीनमा रही व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न वा दायित्व निर्वाह गर्न सक्नेछ ।

## भाग - ३
## पार्टीको छाप, चिन्ह, झण्डा र घोषणापत्र

**५. पार्टीको छाप**

पार्टीको आफ्नो काम कारवाहीका लागि **अनुसूची - १** बमोजिमको एउटा छुट्टै छाप हुनेछ ।

**६. पार्टीको चिन्ह**

पार्टीको आफ्नो छुट्टै चिन्ह हुनेछ । पार्टीको चिन्ह **अनुसूची - २** मा व्यवस्था भए बमोजिम हुनेछ ।

**७. पार्टीको झण्डा**

पार्टीको झण्डा **अनुसूची - ३** बमोजिम हुनेछ ।

**८. पार्टीको घोषणापत्र**

पार्टीको आफ्नो छुट्टै घोषणापत्र हुनेछ ।

## भाग - ४
## पार्टीको आदर्श, उद्देश्य र कार्यक्रम निर्देशक सिद्धान्त

**९. पार्टीको सिद्धान्त र आदर्श**

(१) विधिको शासन
(२) सामाजिक न्याय सहितको उदार अर्थतन्त्र
(३) समता र समानतामूलक समावेशिता
(४) बहुलवादमा आधारित पूर्ण लोकतान्त्रिक राज्य व्यवस्था
(५) सुशासन र पारदर्शिता सहितको लोककल्याणकारी राज्य
(६) योग्यता, दक्षता र कर्मशीलता
(७) भ्रष्टाचारप्रति शुन्य सहनशीलता
(८) प्रत्यक्ष सहभागितामूलक, समानुपातिक, समावेशी लोकतन्त्र
(९) व्यक्तिगत स्वतन्त्रता र मानव अधिकार

## १०. पार्टीको उद्देश्य

(१) राजनीतिक सुदृढीकरण अभियानबाट राजनीतिलाई सुसज्जित, सुसंस्कृत र जवाफदेही बनाई सुशासन कायम गर्ने ।

(२) पार्टीको आन्तरिक लोकतन्त्रलाई सुदृढ र प्रत्यक्ष सहभागितामूलक बनाई राज्यमा लोकतान्त्रिक व्यवस्थालाई प्रवर्द्धन गर्ने ।

(३) जनताले महसुस गर्ने गरी दीगो विकास गरी नेपाललाई समृद्ध, विकसित र शान्तिपूर्ण राष्ट्र बनाउने ।

(४) नेपाललाई विश्व शान्ति क्षेत्रको रुपमा स्थापित गराउने ।

(५) गौरवमय नेपाली इतिहास, नेपाली सुसंस्कार राष्ट्रिय स्वाधीनता, राष्ट्रिय अखण्डता, राष्ट्रिय प्रतिष्ठा र नेपालको सार्वभौमिकताको रक्षा एवम् प्रवर्द्धन गर्ने ।

(६) व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार, नागरिकको आत्मसम्मान, नागरिक सुरक्षा, नागरिक समृद्धि, समता र समानतालाई व्यवहारमा स्थापित गर्ने ।

(७) विकास र वातावरणबीच समुचित सन्तुलन मिलाई सम्पूर्ण वन्यजन्तु, वनस्पति, रुख, वन लगायत प्राकृतिक पर्यावरणीय सम्पदाको संरक्षण गर्दै स्वच्छ र सफा वातावरण बनाउने ।

## ११. पार्टीको निर्देशक सिद्धान्त

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता र स्वाधीनतालाई सर्वोपरि राख्दै विधिको शासन, नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने,

(२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं नेपाली

भूमिका मौलिक साँस्कृतिक मूल्यहरूको सम्बर्द्धन र प्रवर्द्धन गर्ने तथा साँस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने,

(३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने,

(४) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिकता र समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ जोड दिइनेछ ।

## भाग - ५
## पार्टीको सदस्यता, नवीकरण र अभिलेख

### १२. पार्टीको सदस्य

(१) पार्टीका सदस्य तीन प्रकारका हुनेछन् ।

(क) **साधारण सदस्य :** पार्टीको तोकिएको फारम भरी सदस्यता शुल्क तिरेर पार्टी सदस्य भएकाहरु ।

(ख) **सक्रिय सदस्य :** साधारण सदस्य भई तोकिए बमोजिमका मापदण्ड पुरा गरेका सदस्यहरु सक्रिय सदस्य हुनेछन् ।

(ग) **मानार्थ सदस्य :** समाज, राष्ट्रको लागि योगदान पुऱ्याएका प्रतिष्ठित व्यक्तिलाई केन्द्रीय समितिले पार्टीको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

## १३. पार्टी सदस्यको योग्यता

देहाय बमोजिम योग्यता भएका नेपाली नागरिक पार्टी सदस्य हुन सक्नेछन् ।

(क) १८ वर्ष उमेर पूरा भएको ।

(ख) भ्रष्टाचारप्रति असहिष्णु, संवैधानिक सर्वोच्चता, विधिको शासन, लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध भई पार्टीको सिद्धान्त, नीति, कार्यक्रम र विधानलाई स्वीकार गरी कार्यान्वयन गर्न तत्पर रही पार्टीले तोके बमोजिमको प्रक्रिया पूरा गरेका, नैतिकवान, स्वच्छ चरित्र र असल चालचलन भएको ।

(ग) मानसिक सन्तुलन ठिक भएको ।

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर, हत्या सम्बन्धी कसूर वा नैतिक पतन देखिने अभियोगमा सजाय पाएको हुन नहुने । यस भन्दा बाहेक अन्य फौजदारी कसूरमा सजाय भुक्तान गरेको १ वर्षभन्दा बढी अवधि पूरा गरेको हुनु पर्ने ।

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको ।

(च) प्रचलित कानुनले राजनीतिक दलको सदस्य हुन अयोग्य नठहरिएको ।

(छ) अन्य राजनीतिक पार्टीको सदस्य नभएको वा सदस्यता त्याग गरेको ।

## १४. पार्टी सदस्यताको समाप्ति

देहायको अवस्थामा पार्टीको सदस्य भएका व्यक्तिको सदस्यता समाप्त हुनेछ :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) धारा १३ बमोजिम पार्टी सदस्यताको लागि आवश्यक योग्यता कायम नरहेमा ।

(ग) पार्टीले अनुशासन सम्बन्धी कारवाही गरी सदस्यबाट हटाएमा।

(घ) स्वेच्छाले पार्टी सदस्यता त्याग गरेको लिखित सूचना दिएमा ।

(ङ) अन्य पार्टीको सदस्यता प्राप्त गरेमा ।

(च) सदस्यता नवीकरण नगरेमा ।

## १५. सदस्यता वितरण प्रक्रिया

नियमावलीमा तोकिए बमोजिम सदस्यता आवेदन फारम, तोकिएको शुल्क र आवश्यक कागजातसहित कार्यालयमा बुझाई (अनलाइन, हुलाक वा स्वयम् कार्यालयमा उपस्थित भई) सदस्यताको लागि योग्यता पुगेका नेपाली नागरिकले निवेदन दिनुपर्नेछ । उक्त निवेदन उपर जाँचबुझ गरी विधान र नियमावली बमोजिम योग्य ठहरिएमा पालिका समिति, जिल्ला समिति, प्रदेश समिति वा केन्द्रीय समितिले सदस्यता प्रदान गर्नेछ ।

## १६. सदस्यताको अभिलेख

पार्टीका सदस्यको अभिलेखीकरण केन्द्रीय संगठन विभागले राखी आवश्यकता अनुसार केन्द्रीय निर्वाचन आयोग तथा संगठनका सम्बन्धित तहगत निकायहरुलाई डिजिटल फर्म्याटमा वा कुनै माध्यमबाट उपलब्ध गराउन सक्नेछ ।

## १७. सदस्यता शुल्क र नवीकरण

सदस्यता तथा नवीकरण शुल्क नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## १८. पार्टी सदस्यको अधिकार र कर्तव्य

पार्टी सदस्यका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

(१) पार्टी समिति, निकाय, विभाग वा तोकिएको संयन्त्रमा संगठित भई कार्य गर्ने ।

(२) तोकिए बमोजिम बैठक, भेला, परिषद्, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र सम्बन्धित समिति, निकाय, विभाग वा तोकिएको संयन्त्रमा आफ्नो मत जाहेर गर्ने ।

(३) तोकिए बमोजिम पार्टी निर्णयप्रति आफ्नो सहमति, असहमतिको मत दिने ।

(४) पार्टीका सदस्यलाई आफु सम्बन्धित निर्वाचन क्षेत्र र भुगोल पार्टीको प्रारम्भिक निर्वाचनमा मतदान गर्ने कर्तव्य हुनेछ ।

(५) पार्टीप्रति इमान्दार रही पार्टीका आधिकारिक दस्तावेजहरु (विधान, नीति, नियमावली, आचारसंहिता, कार्यविधि आदि) को अध्ययन गरी सुसूचित हुने एवं अनुशरण गर्ने साथै भ्रष्टाचारमुक्त, सुसमृद्ध राष्ट्र निर्माणमा योगदान गर्ने ।

(६) पार्टीका विचार, विधान वा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका मुद्दामा विचार वा एजेण्डा राख्ने ।

(७) पार्टी प्रद्धत्त आन्तरिक लोकतन्त्रको अधिकारलाई प्रयोग गर्दै पार्टीले गरेका कुनै पनि प्रकारको सजायको प्रतिवाद, सुनवाई र पुनरावेदनको अधिकारको उपयोग गर्ने ।

(८) पार्टीको निर्णय, निर्देशन र कार्यक्रम लगायतका दस्तावेजहरु अध्ययन गरी सुसूचित हुने एवं अनुशरण गर्ने साथै शुभचिन्तक तथा अन्य व्यक्तिलाई जानकारी गराउने ।

(९) पार्टी सदस्यताको नियमित रुपमा नवीकरण गर्ने र पार्टीको कार्यक्रमहरुमा सक्रिय भई जिज्ञासा, अवलोकन, सल्लाह, सुझाव र रचनात्मक आलोचना गर्ने ।

## १९. सदस्यता पुनः प्राप्ति

पार्टीले गरेको अनुशासनात्मक कारवाहीमा परी पार्टीको सदस्यता समाप्त भएको व्यक्तिले केन्द्रीय समितिको निर्णय बमोजिम पुनः पार्टी सदस्यता प्राप्त गर्न सक्नेछ ।

# भाग - ६
# पार्टीको संगठनात्मक संरचना

## २०. केन्द्रीय तह

केन्द्रीय तहमा देहायका संरचना हुनेछन् :

(१) राष्ट्रिय महाधिवेशन

(२) केन्द्रीय परिषद्

(३) केन्द्रीय समिति (केन्द्रीय समिति, पार्टी सचिवालय)

(४) केन्द्रीय सल्लाहकार परिषद्

(५) केन्द्रीय अनुशासन आयोग

(६) केन्द्रीय निर्वाचन आयोग

(७) केन्द्रीय लेखा आयोग

(८) केन्द्रीय विभागहरु

## २१. प्रदेश तह

प्रदेश तहमा देहायका संरचना हुनेछन् :

(१) प्रदेश अधिवेशन

(२) प्रदेश परिषद्

(३) प्रदेश समिति (प्रदेश समिति, प्रदेश सचिवालय)

(४) प्रदेश अनुशासन आयोग

(५) प्रदेश लेखा आयोग

(६) प्रदेश विभागहरु

## २२. स्थानीय तह

स्थानीय तहमा देहायका संरचना हुनेछन् :

(१) जिल्ला अधिवेशन

(२) जिल्ला परिषद्

(३) जिल्ला समिति (जिल्ला समिति, निर्वाचन क्षेत्र समिति)

(४) पालिका अधिवेशन

(५) पालिका परिषद्

(६) पालिका समिति

(७) वडा परिषद्

(८) वडा अधिवेशन

(९) वडा समिति

## भाग - ७

## केन्द्रीय तह (महाधिवेशन, परिषद, समिति तथा सचिवालय)

### २३. राष्ट्रिय महाधिवेशन

(१) राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च निकाय हुनेछ ।

**(२) राष्ट्रिय महाधिवेशनको प्रतिनिधिहरु देहाय बमोजिम हुनेछ :**

(क) केन्द्रीय समिति सबै

(ख) केन्द्रीय सल्लाहकार परिषद्का सबै

(ग) केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोगका सबै,

(घ) केन्द्रीय विभागको प्रमुख सहित ११ जना(३३ प्रतिशत महिला सहित विभागले छनौट गर्ने)

(ङ) प्रदेश समिति सबै,

(च) प्रदेश अनुशासन आयोग, प्रदेश लेखा आयोग, प्रदेश निर्वाचन आयोग र प्रदेश विभागका पदाधिकारीहरु

(छ) प्रदेश-काठमाडौं सम्पर्क विभागको प्रमुख सहित ३ जना, (१ महिला सहित विभागले छनौट गर्ने)

(ज) जिल्ला समिति सभापति सहित ५ जना, (१ महिला सहित जिल्ला समितिले छनौट गर्ने)

(झ) जिल्ला-काठमाडौं सम्पर्क विभागको प्रमुख

(ञ) निर्वाचन क्षेत्र संयोजक र संयोजकको मतदाता ठेगाना नभएको प्रदेश निर्वाचन क्षेत्रको उपसंयोजक

(ट) प्रवास नेपाली सम्पर्क विभाग अन्तर्गत विभिन्न देशमा रहेका प्रवास नेपाली सम्पर्क विभाग तथा त्यसका शाखा समेतबाट प्रतिनिधित्व हुने गरी प्रमुख सहित विभागको नियमावलीमा तोके बमोजिम अधिकतम ११ जना

(ड) पालिका सभापति वा सभापति सहभागी हुन नसक्ने अवस्थामा समितिले तोकेको समितिको १ जना

(ढ) पालिका अधिवेशनले छनौट गर्ने प्रतिनिधि, (२०१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकाबाट

१ जना, ४०१ भन्दा बढी पार्टी सदस्य भएको नगरपालिकाबाट २ जना, ५०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगरपालिकाबाट ३ जना र ७०१ भन्दा बढी पार्टी सदस्य भएको महानगरपालिकाबाट ४ जना)

(ण) पार्टीको तर्फबाट प्रतिनिधि सभामा, राष्ट्रिय सभा, प्रदेश सभामा निर्वाचित जनप्रतिनिधिहरु

(त) पार्टीको तर्फबाट निर्वाचित पालिका प्रमुख, उपप्रमुखहरु

(थ) केन्द्रीय न्याटबाट संयोजक सहित ५ जना

(३) राष्ट्रिय महाधिवेशनको निर्वाचन सम्बन्धी कार्य केन्द्रीय निर्वाचन आयोगले गर्नेछ ।

(४) केन्द्रीय समितिले राष्ट्रिय महाधिवेशनको मिति, स्थान र समय तालिका तोक्नेछ ।

(५) प्रत्येक ५ वर्षमा राष्ट्रिय महाधिवेशन हुनेछ ।

(६) विधान बमोजिम निर्वाचित केन्द्रीय समिति सदस्यको कार्यकाल सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले केन्द्रीय समितिलाई राष्ट्रिय महाधिवेशन आयोजना गर्न सिफारिस गर्नेछ ।

(७) राष्ट्रिय महाधिवेशनको आयोजना केन्द्रीय समितिले गर्नेछ ।

**(८) राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार**

(क) महाधिवेशन अगाडिको केन्द्रीय समिति विघटन भई नयाँ केन्द्रीय समितिले सपथ नलिदाँसम्मको व्यवस्थापनको लागी अन्तरिम ब्यवस्थापन समिति गठन गर्ने ।

(ख) विधान बमोजिमको केन्द्रीय समितिको पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने ।

(ग) केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगका पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्ने ।

(घ) केन्द्रीय समितिले आवश्यक ठानी प्रश्तुत गरेमा राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव, आर्थिक प्रतिवेदन र विधान संशोधन प्रस्तावमा छलफल गरी पारित गर्ने ।

## २४. केन्द्रीय परिषद्

(१) केन्द्रीय परिषद् पार्टीको महाधिवेशन पछिको निकाय हुनेछ ।

**(२) केन्द्रीय परिषद्को गठन देहाय बमोजिम हुनेछ ।**

(क) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू सबै,

(ख) केन्द्रीय सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यहरू सबै,

(ग) केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोगका पदाधिकारी तथा सदस्यहरू सबै,

(घ) केन्द्रीय विभागीय पदाधिकारी तथा सदस्यहरू सबै,

(ङ) प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू सबै,

(च) प्रदेश विभागका प्रमुख सहित २ जना (विभागले छनौट गरेको)

(छ) प्रदेश सम्पर्क विभागको पदाधिकारीहरु

(ज) प्रवास नेपाली सम्पर्क विभाग अन्तर्गत विभिन्न देशमा रहेका प्रवास नेपाली सम्पर्क विभाग तथा त्यसका शाखा समेतबाट प्रतिनिधित्व हुने गरी प्रमुख सहित विभागको नियमावलीमा तोके बमोजिम अधिकतम ११ जना

(झ) पालिका सभापतिहरु सबै र पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधि सभा सदस्य, प्रदेश सभा, साथै पालिका प्रमुख, उपप्रमुखका रुपमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि सबै

(ञ) केन्द्रीय न्याटबाट संयोजक सहित ५ जना

(ट) पार्टी सभापति, उपसभापति, महामन्त्री लगायत पार्टीका पदाधिकारीहरु केन्द्रीय परिषद्को पनि सभापति, उपसभापति, महामन्त्री लगायत पार्टीका पदाधिकारीको जिम्मेवारी निर्वाह गर्नेछन् ।

(ठ) केन्द्रीय समितिको प्रस्तावमा ५ बर्षको अवधिमा कम्तीमा एक परिषद् बस्नेछ ।

### (३) केन्द्रीय परिषद्को काम कर्तव्य र अधिकार

केन्द्रीय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) केन्द्रीय समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

(ख) पार्टीको राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव, आर्थिक प्रतिवेदन र विधान संशोधन जस्ता विषयहरुमा केन्द्रीय समिति समक्ष प्रस्तुत भएको प्रस्ताव उपर छलफल गरी पारित गर्न परिषद्को राष्ट्रिय भेला, बैठक, सम्मेलन वा सभा गर्न सक्ने ।

(ग) केन्द्रीय परिषद्का सदस्यहरुको कार्य विभाजन गर्ने ।

(घ) केन्द्रीय समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने ।

(ङ) केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने ।

(च) केन्द्रीय समितिमा रिक्त रहन गएको निर्वाचित सदस्यहरुको बाँकी अवधिको पदपूर्ति गर्ने ।

(छ) केन्द्रीय निर्वाचन आयोगको पदाधिकारी तथा सदस्यहरु निर्वचन गर्ने ।

(झ) विधानले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

## २५. केन्द्रीय समिति

(१) १२९ सदस्यीय केन्द्रीय समिति रहनेछ । यो समिति राष्ट्रिय महाअधिवेशन तथा केन्द्रीय परिषद्प्रति उत्तरदायी हुनेछ ।

### (२) केन्द्रीय समितिको गठन

(क) राष्ट्रिय महाधिवेशनबाट पार्टी सभापति १ जना र केन्द्रीय सदस्यहरु ९९ (प्रति प्रदेश ५ जना अनिवार्य र समावेशी हुने गरी) जना निर्वाचित गरिने छ ।

(ख) सभापतिले २२ जना सदस्य मनोनीत गर्नेछन् ।

(ग) पार्टीका प्रदेश सभापति पदेन सदस्य हुनेछन् ।

(घ) केन्द्रीय समिति सदस्यहरुमध्ये कम्तीमा एक तिहाई महिला हुनेछ र युवालाई प्राथमिकतामा राखिनेछ ।

(ङ) पार्टी सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०%+१) को संख्यामा मत ल्याउनुपर्नेछ। अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ। पार्टी सभापतिमा एक पटक केन्द्रीय समिति सदस्य भइसकेका पार्टी सदस्यले उम्मेदवारी दिन सक्नेछन्।

(च) पार्टी सभापति निर्वाचनको अन्तिम चरणको निर्वाचनमा १०% मत कटाउने उम्मेदवार मनोनीत कोटामा मिलान हुने गरी स्वतः केन्द्रीय समिति सदस्य हुनेछ र यसलाई राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यकोरूपमा गणना गरिनेछ।

(छ) केन्द्रीय समितिमा नेपालको विविधता प्रतिविम्बित हुने गरी समावेशीकरण गरिनेछ।

(ज) मनोनीत केन्द्रीय समितिको सदस्यलाई सभापतिको प्रस्तावमा सचिवालयको निर्णयले पदमुक्त गर्न सक्नेछ र उक्त रिक्त पदमा पार्टी सदस्यहरुमध्येबाट सभापतिले मनोनयन गरी पद पूर्ति गर्न सक्नेछ।

(झ) केन्द्रीय समितिको कार्यकाल ५ वर्षको हुनेछ।

(ञ) केन्द्रीय पदाधिकारीहरु महाधिवेशन प्रतिनिधिहरुबाट निर्वाचित हुनु पर्ने छ। निर्वाचन २ चरणमा हुनेछ। पहिलो चरणमा पार्टी सभापति र केन्द्रीय सदस्यको निर्वाचन हुनेछ। दोश्रो चरणमा निर्वाचित केन्द्रीय सदस्यहरु मध्ये बाट उम्मेदवार भई महाधिवेशन प्रतिनिधिहरुको मतबाट पदाधिकारीहरु निर्वाचित हुने छन्। निर्वाचित केन्द्रीय सदस्यहरु मध्येबाट कोषाध्यक्ष र सहकोषाध्यक्ष तथा प्रवक्ता र सहप्रवक्तालाई सभापतिले मनोनीत गर्नेछ।
पदाधिकारी देहाय बमोजिमका संख्यामा हुनेछन्:
सभापति १, उपसभापति ३ (१ महिला सहित), महामन्त्री १, सहमहामन्त्री ३ (१ महिला सहित), कोषाध्यक्ष १, सहकोषाध्यक्ष १, प्रवक्ता १, सहप्रवक्ता २ (फरक लिङ्गको हुनु पर्ने)

**(३) केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) राष्ट्रिय महाधिवेशन र केन्द्रीय परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने

(ख) राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने। राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीले गर्ने भनी उल्लेख भएको कार्य गर्ने ।

(ग) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पार्टीका सम्पूर्ण निकायलाई परिचालन गर्ने ।

(घ) विधानमा निर्धारण गरिए बमोजिम समिति, विभाग, आयोग, कार्यदल तथा अन्य आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने । पार्टीका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

(ङ) पार्टीका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझाव सहित अनुमोदन गर्ने ।

(च) आवश्यकता अनुसार केन्द्रीय समितिका सदस्यहरुको कार्य विभाजन गर्ने तथा आवश्यकता अनुसार पार्टी संयन्त्रहरु थपघट, विस्तार गरी संयन्त्रहरुको कार्यविभाजन गर्ने ।

(छ) राष्ट्रको भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्र र राष्ट्रियता, संवैधानिक सर्वोच्चता, जनजीविका र जनहितको रक्षाका लागि

जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(ज) विधान बमोजिम राष्ट्रिय महाधिवेशन र केन्द्रीय परिषद्को आयोजना गर्ने ।

(झ) पार्टीको आवश्यकता अनुसार पाठ्यपुस्तक तथा प्रचार सामाग्री प्रकाशन गर्ने ।

(ञ) अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार गर्ने ।

(ट) पार्टी संचालनको विधि तयार गर्ने, विधान बमोजिम अनुशासन पालना गर्ने, गराउने र तदनुरुप सदस्यताको खारेजी, निलम्बन वा अन्य कारवाही गर्ने, गराउने र पार्टीको अनुशासन पालना नगर्ने, पार्टीको विधि विधान र निर्देशन पालना नगर्ने समिति, विभाग, आयोग वा कुनै पनि संयन्त्रलाई विघटन गर्ने ।

(ठ) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(ड) पार्टी कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ढ) यस विधानमा केन्द्रीय समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । विधान कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने, नियमावली बनाउने । पार्टीका अन्य संयन्त्र वा निकायको अधिकार भनि नतोकिएको र प्रचलित कानुनमा पार्टीले गर्ने भनिएको सबै काम गर्ने ।

**(४) पार्टीका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(क) पार्टी सभापतिको काम, कर्तव्य र अधिकार**

(१) पार्टीको समग्र नेतृत्व गर्ने । पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको हकमा

वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने ।

(२) केन्द्रीय समिति, पदाधिकारी बैठक र पार्टी सचिवालय बैठकको सभापतित्व गर्ने र निर्णयहरुको कार्यान्वयनमा नेतृत्व गर्ने ।

(३) मनोनीत पार्टी पदाधिकारीहरुको कार्यविभाजन हेरफेर गर्ने र आवश्यक परेमा मनोनीत पार्टी पदाधिकारी पनि हेरफेर गर्ने ।

(४) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(५) पार्टीको तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने, गराउने।

(६) पार्टीका अगाडि तत्काल परिआएका कार्यहरु गर्ने र त्यसको जानकारी केन्द्रीय समितिलाई दिने ।

(७) पार्टीका समिति, विभाग, आयोग तथा संयन्त्रहरुद्वारा भएका निर्णय कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने ।

(८) पार्टीको केन्द्रीय स्तरका समिति, विभाग, आयोग तथा संयन्त्रका प्रमुख, पदाधिकारी र सदस्यको नियुक्ति मनोनयन तथा हेरफेर गर्ने तर विधानमा यस्ता नियुक्ति मनोनयन तथा हेरफेर पार्टीको अन्य निकाय वा समितिलाई भए सो निकाय वा समितिले नै त्यस्तो नियुक्ति मनोनयनको हेरफेर गर्नेछ ।

(९) सभापति आफू विदेश गएको अवस्थामा वा आवश्यकता अनुसार उपसभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(१०) कुनै पदाधिकारी अनुपस्थित वा रिक्त वा निलम्बनमा रहेको अवस्थामा सभापतिले पदाधिकारी र केन्द्रीय समिति सदस्यलाई उक्त पदाधिकारीको कार्यवाहक तोक्न सक्नेछ ।

(११) केन्द्रीय समिति, पदाधिकारी बैठक र पार्टी सचिवालयको बैठक बोलाउने ।

(१२) केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक र पार्टी सचिवालयको बैठकले तोके बमोजिम अन्य कार्य गर्ने ।

(१३) पार्टीको अन्य पदाधिकारीलाई नतोकिएको तर पार्टी केन्द्रीय पदाधिकारी तहबाट गर्नु पर्ने कार्यहरु आफै गर्ने वा अन्य पदाधिकारीलाई जिम्मेवारी तोक्ने ।

**(ख) पार्टी उपसभापतिको काम, कर्तव्य र अधिकार**

(१) सभापतिको कार्यमा आवश्यक सहयोग गर्ने ।

(२) सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(३) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक र पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने ।

(४) सभापतिले तोकेको उपसभापति वा नतोकेको अवस्थामा उमेरमा जेष्ठ उपसभापतिले सभापतिको अनुपस्थितिमा कार्यवाहक सभापतिका रुपमा सभापतिको कार्य गर्ने ।

**(ग) पार्टी महामन्त्रीको काम, कर्तव्य र अधिकार**

(१) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठक समक्ष प्रस्तुत गर्ने ।

(२) पार्टी सभापतिबाट निर्देशन बमोजिम केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठक बोलाउने । अधिवेशन, निर्वाचन र बैठकको कार्यसूची तयार गर्ने ।

(३) आवश्यकता अनुसार केन्द्रीय बैठक, परिषद, भेला, महाधिवेशनमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने ।

(४) पार्टीको केन्द्रीय विभागहरुलाई समन्वय गर्ने, क्रियाशिल बनाउन आवश्यक कार्य गर्ने ।

(५) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकबाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरिवेक्षण, समन्वय, अनुगमन गर्ने गराउने।

(६) महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख गर्ने तथा केन्द्रीय कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।

(७) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयले तोकेको अन्य काम गर्ने ।

(८) पार्टी सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने ।

(९) दैनिक कार्य सञ्चालनका लागि सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार सभापतिलाई सुझाव र सल्लाह दिने ।

(१०) पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र आवश्यकता अनुसार पार्टीका सबै तहका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रमा र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने,

निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने, पार्टी विधि अनुसार संचालन गर्ने, गराउने ।

(११) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

**(घ) पार्टीको सहमहामन्त्रीको काम, कर्तव्य र अधिकार**

(१) महामन्त्रीको काममा महामन्त्रीले तोके बमोजिम आवश्यक सहयोग गर्ने ।

(२) महामन्त्रीले प्रत्यायोजन गरेको कार्य गर्ने साथै पार्टी सभापतिको निर्देशन बमोजिमका आवश्यक कार्यहरु गर्ने ।

(३) सभापतिले तोकेको अन्य कार्य गर्ने वा बैठक बोलाउने ।

(४) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने ।

**(ङ) पार्टीको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आय व्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) केन्द्रीय समिति वा पार्टी सचिवालयको निर्णय अनुसार बैंकमा खाता खोल्ने र केन्द्रीय समितिको निर्णय अनुसार सञ्चालन गर्ने ।

(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम संकलन गर्ने तथा अभिलेख राख्ने ।

(४) पार्टीको कोषमा संकलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि केन्द्रीय समिति वा पार्टी सचिवालयको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय समिति र केन्द्रीय समिति मार्फत् महाधिवेशन, केन्द्रीय परिषद्मा प्रस्तुत गर्ने ।

(६) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने ।

(७) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(च) पार्टी सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) कोषाध्यक्षको काममा कोषाध्यक्षले तोके बमोजिम आवश्यक सहयोग गर्ने ।

(२) कोषाध्यक्षले प्रत्यायोजन गरेका कार्य गर्ने ।

(३) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने ।

**(छ) पार्टी प्रवक्ताको काम, कर्तव्य र अधिकार**

(१) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयका बैठकको निर्णयहरु आवश्यकता अनुसार आम जनमानसमा सूचना प्रवाहित गर्ने ।

(२) पार्टीको तर्फबाट आधिकारिक सूचना प्रवाहित गर्ने ।

(३) पार्टीको नीति, विचार र राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(४) विभिन्न समसामयिक विषयहरुमा पार्टीको दृष्टिकोणलाई आधिकारिक रुपमा आम जनमानसमा सूचना प्रवाहित गर्ने ।

(५) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने ।

**(ज) पार्टी सहप्रवक्ताको काम, कर्तव्य र अधिकार**

(१) प्रवक्ताको काममा सहप्रवक्ताले तोके बमोजिम आवश्यक सहयोग गर्ने ।

(२) प्रवक्ताले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(३) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने ।

**(झ) केन्द्रीय समिति सदस्यको काम, कर्तव्य र अधिकार**

(१) केन्द्रीय समिति, केन्द्रीय परिषद् तथा केन्द्रीय सभापतिले तोकेको काम गर्ने ।

(२) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने ।

(३) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

(४) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने ।

(५) मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने ।

## २६. पार्टी सचिवालय

(१) पार्टी सचिवालयको गठन पार्टी सभापतिले आफू सहित निर्वाचित पदाधिकारीहरु, कोषाध्यक्ष, प्रवक्ता र बाँकी सदस्यहरु केन्द्रीय समितिबाट सभापतिले मनोनीत गरी २५ जनासम्मको पार्टी सचिवालय गठन गरी केन्द्रीय समितिमा जानकारी दिनु पर्नेछ ।

(२) पार्टी सचिवालय गठन गर्दा पदाधिकारी बाहेकका सदस्यहरूको मनोनयन मनोनीत केन्द्रीय समिति सदस्य समेतबाट गर्न सकिनेछ ।

(३) पार्टी सचिवालयका मनोनीत सदस्यहरूमा निर्वाचित पदाधिकारी बाहेक अन्यको हेरफेर सभापतिले गर्न सक्नेछ ।

**(४) पार्टी सचिवालयको काम, कर्तव्य र अधिकार**

(क) केन्द्रीय समितिको बैठक नबसेको अवस्थामा आवश्यकता अनुसार राजनीतिक, संगठनात्मक एवम् अनुशासनात्मक विषयमा निर्णय गर्ने र समसामयिक विषयमा पार्टीको दृष्टिकोण सार्वजनिक गर्ने ।

(ख) केन्द्रीय समितिको एउटा र अर्को बैठकका बीचमा केन्द्रीय समितिले गर्नुपर्ने काम पार्टी सचिवालयले गर्नेछ ।

(ग) आफूले गरेको निर्णय तथा कार्य अनुमोदनका लागि केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने ।

(घ) महाधिवेशन, केन्द्रीय परिषद् तथा केन्द्रीय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ङ) केन्द्रीय समितिबाट गरिनुपर्ने नीतिगत तथा संगठनात्मक कामको प्रस्ताव तयार गर्ने ।

(च) पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रबीच समन्वय गर्ने र तिनको कामको समीक्षा गर्ने ।

(छ) महाधिवेशन, केन्द्रीय परिषद् तथा केन्द्रीय समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(ज) पार्टीको केन्द्रीय कार्यालयका लागि प्रशासनिक नियमावली अनुसार आवश्यक कर्मचारी नियुक्त तथा हेरफेर गर्ने ।

(झ) सचिवालयको बैठक सभापतिको अनुमतिमा महामन्त्रीले बोलाउने तथा सञ्चालन गर्ने छ ।

## भाग - ८

## प्रदेश तह (अधिवेशन, परिषद, समिति तथा सचिवालय)

### २७. प्रदेश अधिवेशन

(१) प्रदेशभित्र पार्टीको प्रदेश अधिवेशन सर्वोच्च निकाय हुनेछ ।

**(२) प्रदेश अधिवेशनका प्रतिनिधिहरु देहाय बमोजिम हुनेछन् ।**

(क) प्रदेश समिति पदाधिकारी तथा सदस्यहरू सबै,

(ख) प्रदेश सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यहरू सबै,

(ग) प्रदेश अनुशासन आयोग, प्रदेश लेखा आयोग पदाधिकारी तथा सदस्यहरू सबै,

(घ) प्रदेश विभागको प्रमुख सहित ९ जना (३३ प्रतिशत महिला सहित विभागले छनौट गर्ने)

(ङ) जिल्ला अनुशासन आयोग र जिल्ला संगठन विभागका पदाधिकारीहरु

(च) प्रदेश सम्पर्क विभागको प्रमुख सहित ३ जना (१ महिला सहित विभागले छनौट गर्ने)

(छ) जिल्ला समिति पदाधिकारी तथा सदस्यहरू सबै,

(ज) जिल्ला सम्पर्क विभाग र जिल्ला च्याटको प्रमुख सहित ३ जना (१ महिला सहित विभागले छनौट गर्ने)

(झ) निर्वाचन क्षेत्र संयोजक र उपसंयोजक सबै,

(ञ) पालिका सभापति वा सभापति सहभागी हुन नसक्ने अवस्थामा समितिले तोकेको समितिको १ जना

(ट) पालिका अधिवेशनले छनौट गर्ने प्रतिनिधि
(१५१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकाबाट १ जना, ३०१ भन्दा बढी पार्टी सदस्य भएको नगरपालिकाबाट २ जना, ४०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगरपालिकाबाट ३ जना र ५०१ भन्दा बढी पार्टी सदस्य भएको महानगरपालिकाबाट ४ जना)

(ठ) पार्टीको तर्फबाट निर्वाचित प्रदेश सभाका सदस्य तथा पालिका प्रमुख उपप्रमुखहरु

(ड) प्रदेशबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने सबै र प्रदेशबाट केन्द्रीय विभागमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यहरू सबै ।

(३) विधान बमोजिम प्रदेश समितिको कार्यकाल सकिनु ६ महिना अघि केन्द्रीय निर्वाचन आयोगले प्रदेश समितिलाई प्रदेश अधिवेशन सम्पन्न गर्नका लागि सिफारिस गर्नेछ ।

(४) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा प्रदेश समितिले प्रदेश अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(५) केन्द्रीय निर्वाचन आयोगले प्रदेश अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(६) प्रदेश अधिवेशनको आयोजना प्रदेश समितिले गर्नेछ ।

(७) प्रत्येक ५ वर्षमा प्रदेश अधिवेशन हुनेछ ।

**(८) प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार**

(क) प्रदेश अधिवेशन अगाडिको प्रदेश समिति विघटन भई नयाँ प्रदेश समितिले सपथ नलिदाँसम्मको व्यवस्थापनको लागि अन्तरिम व्यवस्थापन समिति गठन गर्ने ।

(ख) प्रदेश समिति एवम् प्रदेश आयोगको पदाधिकारी तथा सदस्यहरु निर्वाचन गर्ने ।

(ग) प्रदेश समितिले आवश्यक ठानी प्रस्तुत गरेका राजनीतिक प्रतिवेदन संगठनात्मक प्रस्ताव र आर्थिक प्रतिवेदन प्रस्तावमा छलफल गरी पारित गर्ने ।

## २८. प्रदेश परिषद्

**(१) प्रदेश परिषद् प्रदेशभित्र पार्टीको प्रदेश अधिवेशन पछिको सर्वोच्च निकाय हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ ।**

(क) प्रदेश समितिका सबै पदाधिकारी तथा सदस्यहरु

(ख) प्रदेश सल्लाहकारहरु

(ग) प्रदेश अनुशासन आयोग, प्रदेश लेखा आयोगका र निर्वाचन आयोग सबै

(घ) प्रदेश विभागको सबै

(ङ) प्रदेशका सम्पर्क विभागका प्रमुख, उपप्रमुख र सचिव

(च) प्रदेश भित्रका जिल्ला समिति पदाधिकारी सबै

(छ) निर्वाचन क्षेत्र समिति संयोजक, उपसंयोजक सबै

(ज) जिल्ला संगठन विभाग, जिल्ला सम्पर्क विभाग र जिल्ला ऱ्याटका पदाधिकारी सबै

(झ) पालिका सभापतिहरु सबै

(ञ) पार्टीको तर्फबाट निर्वाचित प्रदेश सभाका सदस्य तथा पालिका प्रमुख उपप्रमुखहरु

(ट) प्रदेशबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने सबै र प्रदेशबाट केन्द्रीय विभागमा प्रतिनिधित्व गर्ने पदाधिकारी र सदस्यहरू

(ठ) प्रदेश सभापति लगायत पदाधिकारीले प्रदेश परिषद्को पनि सोही जिम्मेवारी निर्वाह गर्नेछन् ।

(ड) प्रदेश परिषद् ५ बर्षको बीचमा कम्तीमा २ पटक बस्नेछ।

**(२) प्रदेश परिषद्को काम कर्तव्य र अधिकार**

प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) प्रदेश समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

(ख) विधान तथा उपल्लो तहले तोकेका कामकारवाही गर्ने, गराउने ।

(ग) प्रदेश परिषद्का सदस्यहरुको कार्य विभाजन गर्ने ।

(घ) प्रदेश समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने ।

(ङ) प्रदेश अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को प्रदेश अधिवेशनको बीचमा प्रदेश समितिको कुनै पनि पद रिक्त भएमा प्रदेश परिषद्ले पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ ।

(च) प्रदेश निर्वाचन आयोग गठन गर्ने ।

## २९. प्रदेश समिति

**(१) प्रदेश समिति प्रदेश अधिवेशन र प्रदेश परिषद्प्रति उत्तरदायी हुनेछ। यसको गठन देहाय बमोजिम हुनेछः**

(क) प्रदेश पदाधिकारीहरु प्रदेश अधिवेशन प्रतिनिधिहरुबाट निर्वाचित हुनेछ । निर्वाचन २ चरणमा हुनेछ । पहिलो चरणमा सभापति र प्रदेश सदस्यहरु (एउटा प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट १ जनाका दरमा र १५ जना समावेशी सिद्धान्त अनुरुप) निर्वाचित हुनेछन्। सभापतिको सिफरिसमा प्रदेश समितिले समिति संख्या विजोर हुने गरी २ वा ३ जना सदस्यहरु मनोनीत गर्नेछन् ।

दोश्रो चरणमा निर्वाचित प्रदेश सदस्यहरु मध्येबाट उम्मेदवार भई अधिवेशन प्रतिनिधिहरुको मतबाट पदाधिकारीहरु निर्वाचित हुनेछन् । प्रदेश समिति सदस्यमध्येबाट कोषाध्यक्ष तथा प्रवक्तालाई प्रदेश सभापतिको सिफारिसमा प्रदेश समितिले मनोनीत गर्नेछ ।

**पदाधिकारी देहाय बमोजिम हुनेछन् :**
सभापति १, उपसभापति १, महामन्त्री १, सहमहामन्त्री २ (फरक लिङ्गको हुनेगरी), कोषाध्यक्ष १, प्रवक्ता १,
**प्रदेश समितिको संख्या देहाय बमोजिम हुनेछ :**
कोशी प्रदेशः ६१, मधेश प्रदेशः ५९, बागमती प्रदेशः ६५, गण्डकी प्रदेशः ४७, लुम्बिनी प्रदेशः ५७, कर्णाली प्रदेशः ४१ र सुदुरपश्चिम प्रदेशः ४३ सदस्य

(ख) प्रदेश सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०%+१) को संख्यामा मत ल्याउनुपर्नेछ । अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ ।

(ग) प्रदेश सभापतिको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटतम प्रतिद्वन्द्वी १ जना स्वतः प्रदेश समिति सदस्य

हुनेछ । उक्त पद कुनै कारणले पूर्ति नभएमा प्रदेश सभापतिले प्रदेशका पार्टी सदस्यहरु मध्येबाट मनोनीत गरी पूर्ति गर्नेछन् ।

(घ) जिल्ला सभापति पदेन सदस्य हुनेछ ।

(ङ) प्रदेश समितिमा एक तिहाई महिला हुनेछ र युवालाई प्राथमिकतामा राखिने छ ।

(च) प्रदेश समितिको कार्यकाल एउटा प्रदेश अधिवेशनबाट अर्को प्रदेश अधिवेशनसम्म हुनेछ र प्रदेश अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ ।

(छ) प्रदेश अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को प्रदेश अधिवेशनको बीचमा प्रदेश समितिको कुनै पनि पद रिक्त भएमा प्रदेश परिषद्ले पदपूर्ति गर्नेछ। यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ ।

**(२) प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) प्रदेश अधिवेशन र परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

(ख) दुई प्रदेश परिषद्का बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्मा अनुमोदनका लागि पेश गर्ने। यस बीचमा प्रदेशभित्र समग्र पार्टीको नेतृत्व गर्ने ।

(ग) प्रदेश भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने। राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको प्रदेश समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने ।

(घ) प्रदेश तह र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका प्रदेशभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न आफूभन्दा उपल्लो समितिलाई सहयोग गर्ने ।

(ङ) आवश्यकता अनुसार प्रदेश समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

(च) प्रदेशका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जनहितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(छ) पार्टीका प्रदेशभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संसोधन र सुझाव सहित अनुमोदन गर्ने । साथै प्रदेशभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रलाई क्रियाशील बनाउने, मुल्याङ्कन गर्ने र पार्टी संयन्त्रलाई प्रभावकारी बनाउने ।

(ज) प्रदेशभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(झ) पार्टीको प्रदेश कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ञ) पार्टीको कार्यदिशा एवम् पारित घोषणालाई प्रदेश भित्र कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने ।

(ट) केन्द्रीय समितिबाट जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

(ठ) विधान बमोजिम प्रदेश अधिवेशन र प्रदेश परिषद्को आयोजना गर्ने ।

**(३) प्रदेश पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(क) प्रदेश सभापतिको काम, कर्तव्य र अधिकार**

(१) प्रदेश भित्र पार्टीको समग्र नेतृत्व गर्ने । प्रदेश

भित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको रुपमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(२) प्रदेश समिति र प्रदेश परिषद्का सदस्यको कार्य विभाजन हेरफेर गर्ने ।

(३) प्रदेशभित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(४) प्रदेशभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी प्रदेश समितिलाई दिने ।

(५) पार्टीका प्रदेशभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरु कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने ।

(६) सभापति अनुपस्थित हुनुपर्ने अवस्थामा वा आवश्यकता अनुसार प्रदेश उपसभापतिलाई कार्यवाहक सभापति तोक्ने ।

(७) प्रदेश समितिको बैठक बोलाउने ।

(८) प्रदेश परिषद् तथा प्रदेश समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

(९) पार्टीको निर्णय बमोजिम अन्य कार्यहरु गर्ने ।

(१०) कुनै प्रदेश पदाधिकारी अनुपस्थित वा रिक्त वा निलम्बनमा रहेको अवस्थामा प्रदेश सभापतिले प्रदेश पदाधिकारी र प्रदेश समिति सदस्यलाई उक्त पदाधिकारीको कार्यवाहक तोक्न सक्नेछ ।

### (ख) प्रदेश उपसभापतिको काम, कर्तव्य र अधिकार

(१) प्रदेश सभापतिको काममा आवश्यक सहयोग गर्ने।

(२) प्रदेश सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने, प्रदेश सभापतिको अनुपस्थितिमा कार्यवाहक भई काम गर्ने ।

(३) प्रदेश परिषद् तथा प्रदेश समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ग) प्रदेश महामन्त्रीको काम, कर्तव्य र अधिकार**

(१) प्रदेश समिति, प्रदेश परिषद् र पार्टीका माथिल्ला निकायहरुबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र प्रदेश समितिमा प्रस्तुत गर्ने ।

(२) प्रदेश सभापतिको परामर्शमा प्रदेश समिति तथा प्रदेश परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने ।

(३) प्रदेश समिति तथा प्रदेश परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरिवेक्षण गर्ने गराउने ।

(४) पार्टीको प्रदेश कार्यालय प्रदेश महामन्त्रीको मातहतमा रहनेछ । महामन्त्रीले प्रदेश कार्यालयको रेखदेख गर्ने तथा प्रदेश कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।

(५) प्रदेश समिति तथा प्रदेश परिषद्ले तोकेको अन्य काम गर्ने ।

(६) प्रदेश सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने ।

(७) दैनिक कार्यसञ्चालनका लागि प्रदेश सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार प्रदेश सभापतिलाई सल्लाह सुझाव दिने ।

(८) प्रदेशमा पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टी सदस्यहरुलाई पार्टी

सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(९) प्रदेश भित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने/गराउने ।

(१०) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(घ) प्रदेश सहमहामन्त्रीको काम, कर्तव्य र अधिकार**

(१) प्रदेश महामन्त्रीको काममा आवश्यक सहयोग गर्ने तथा प्रदेश महामन्त्रीले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(२) प्रदेश परिषद् तथा प्रदेश समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

(३) प्रदेश समितिले तोकेको सहमहामन्त्रीले प्रदेश संगठन विभागको प्रमुखको रुपमा काम गर्ने ।

**(ङ) प्रदेश कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) प्रदेशभित्र पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) प्रदेश समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र प्रदेश समितिको निर्णय अनुसार सञ्चालन गर्ने ।

(३) प्रदेशभित्र पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।

(४) पार्टीको कोषमा संकलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि प्रदेश समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन प्रदेश समिति र प्रदेश समितिमार्फत प्रदेश परिषद्मा पेश गर्ने ।

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(च) प्रदेश प्रवक्ताको काम, कर्तव्य र अधिकार**

(१) प्रदेश परिषद् र प्रदेश समितिका निर्णयहरु आवश्यकता अनुसार आम जनमानसमा सूचना प्रवाहित गर्ने ।

(२) पार्टीको आधिकारिक सूचना प्रवाहित गर्ने ।

(२) प्रदेशभित्र पार्टीको नीति, विचार र समसामयिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(४) विभिन्न समसामयिक विषयहरुमा पार्टीको दृष्टिकोणलाई आधिकारिक रुपमा आम जनमानसमा सूचना प्रवाहित गर्ने ।

**(छ) प्रदेश समिति सदस्य र प्रदेश परिषद् सदस्यको काम, कर्तव्य र अधिकार**

(१) प्रदेश समिति, प्रदेश परिषद् तथा प्रदेश सभापतिले तोकेको काम गर्ने ।

(२) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने ।

(३) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

(४) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने ।

(५) मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने ।

## ३०. प्रदेश सचिवालय

### (१) प्रदेश सचिवालय गठन

(क) दैनिक कार्य सम्पादनको लागि प्रदेशमा प्रदेश सचिवालय रहनेछ ।

(ख) सचिवालयमा प्रदेश सभापति - १, प्रदेश उपसभापति - १, प्रदेश महामन्त्री - १, प्रदेश सहमहामन्त्री २, प्रदेश कोषाध्यक्ष - १, प्रदेश प्रवक्ता - १ र प्रदेश समिति सदस्य मध्येबाट सभापतिबाट मनोनीत ४ सदस्य रहेको ११ जनाको सचिवालय गठन हुनेछ ।

(ग) प्रदेश सचिवालयमा प्रदेश सदरमुकाम भएको जिल्ला सभापति स्थायी आमन्त्रित सदस्य हुनेछन् ।

### (२) प्रदेश सचिवालयका काम, कर्तव्य र अधिकार

प्रदेश सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रदेश समितिको बैठक नबसेको अवस्थामा आवश्यकता अनुसार प्रदेश स्तरीय राजनीतिक तथा संगठनात्मक विषयमा निर्णय गर्ने । समसामयिक घटनाहरुका आवश्यक विश्लेषण गरी अभिलेखीकरण गर्ने तथा प्रतिवेदनहरु आवश्यकता अनुरुप पार्टीको दृष्टिकोण सार्वजनिक गर्ने ।

(ख) प्रदेश समितिको एउटा र अर्को बैठकका बीचमा प्रदेश समितिले गर्नुपर्ने काम प्रदेश सचिवालयले गर्नेछ ।

(ग) प्रदेश सचिवालयले गरेको निर्णय तथा कार्य अनुमोदनका लागि प्रदेश समितिको बैठकमा प्रस्तुत गर्ने ।

(घ) प्रदेश समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ङ) प्रदेश समितिबाट गरिनुपर्ने नीतिगत तथा संगठनात्मक कामको प्रस्ताव तयार गर्ने ।

(च) पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रबीच समन्वय गर्ने र तिनको कामको समीक्षा गर्ने ।

(छ) प्रदेश समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(ज) पार्टीको प्रदेश कार्यालयका लागि आवश्यक कर्मचारी नियुक्त तथा हेरफेर गर्ने ।

(झ) प्रदेश समितिमा पेश हुन आएका प्रतिवेदनहरुमाथि छलफल गरी कार्यान्वयनका लागि निर्देशन तथा सहजीकरण गर्ने ।

## भाग - ९
## स्थानीय तह (अधिवेशन, परिषद, समिति तथा सचिवालय)

### ३१. जिल्ला अधिवेशन

(१) जिल्ला अधिवेशन जिल्लाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ ।

**(२) जिल्ला अधिवेशनको प्रतिनिधिहरु देहाय बमोजिम हुनेछन्:**

(क) जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरू सबै,

(ख) जिल्ला सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यहरू सबै,

(ग) जिल्ला अनुशासन आयोगका पदाधिकारी तथा सदस्यहरू सबै,

(घ) जिल्ला संगठन विभागका पदाधिकारी तथा सदस्यहरू सबै,

(ङ) जिल्ला ऱ्याट र जिल्ला सम्पर्क विभागका पदाधिकारी तथा सदस्यहरू सबै,

(च) निर्वाचन क्षेत्र समितिका पदाधिकारी तथा सदस्यहरू सबै,

(छ) पालिका समितिका पदाधिकारी तथा सदस्यहरू सबै,

(ज) पालिका विभाग तथा पालिका ऱ्याटका पदाधिकारीहरु,

(झ) पार्टीको तर्फबाट जिल्लाबाट निर्वाचित जनप्रतिनिधिहरु सबै,

(ञ) प्रदेश, केन्द्र समितिमा जिल्लाबाट प्रतिनिधित्व गर्ने सबै । प्रदेश केन्द्रको विभागमा जिल्ला प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यहरू सबै,

(ट) जिल्ला भित्रका सम्बन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको २०० जना सम्म

सदस्य भएको पालिकाबाट पालिका अधिवेशले कम्तीमा १ महिला हुनेगरी समावेशीताको आधारमा छनौट गरी पठाएको ३ जना प्रतिनिधि,

(ठ) जिल्ला भित्रका सम्बन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको २०० जना भन्दा बढी सदस्य भएको पालिकाबाट पालिका अधिवेशनले छनौट गरी पठाएका १ जना प्रतिनिधि,

(३) विधान बमोजिम जिल्ला समितिको कार्यकाल सकिनु ३ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले जिल्ला समितिलाई जिल्ला अधिवेशन सम्पन्न गर्नका लागि सिफारिस गर्नेछ ।

(४) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा जिल्ला समितिले जिल्ला अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(५) केन्द्रीय निर्वाचन आयोगले जिल्ला अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(६) जिल्ला अधिवेशनको आयोजना जिल्ला समितिले गर्नेछ ।

**(७) जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार**

(क) जिल्ला अधिवेशन अगाडिको जिल्ला समिति विघटन भई नयाँ जिल्ला समितिले सपथ नलिदाँसम्मको व्यवस्थापनको लागी अन्तरिम व्यवस्थापन समिति गठन गर्ने ।

(ख) जिल्ला समितिको पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने ।

(ग) सम्बन्धित निर्वाचन क्षेत्र समितिबाट जिल्ला अधिवेशनको प्रतिनिधिहरुबाट निर्वाचन क्षेत्र समिति समेत गठन गर्ने ।

(घ) जिल्ला समितिले आवश्यक ठानी प्रस्ताव प्रस्तुत गरेका संगठनात्मक प्रस्ताव र आर्थिक प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

(८) प्रत्येक ५ वर्षमा जिल्ला अधिवेशन हुनेछ ।

## ३२. जिल्ला परिषद्

**(१) जिल्ला अधिवेशन पछि जिल्ला परिषद् जिल्लाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ ।**

**(२) जिल्ला परिषदको गठन देहाय बमोजिम हुनेछ ।**

(क) जिल्ला समितिका सबै

(ख) जिल्ला सल्लाहकारहरु सबै

(ग) जिल्ला अनुशासन आयोगका सबै

(घ) जिल्लाका संगठन विभाग सबै

(ङ) सम्पर्क विभागका प्रमुख, उपप्रमुख र सचिव सबै

(च) जिल्ला न्याट सबै

(छ) निर्वाचन क्षेत्र समिति सबै

(ज) पालिका समितिका सबै

(ञ) पालिका विभाग तथा पालिका न्याट प्रमुख सबै

(ट) वडा सभापति सबै

(ठ) जिल्लाभित्रका पालिका परिषद्बाट सिफारिस १ महिला सहित २ जना प्रतिनिधिहरु

(ड) प्रदेश, केन्द्र समितिमा जिल्लाबाट प्रतिनिधित्व गर्ने सबै । प्रदेश केन्द्रको विभागमा जिल्ला प्रतिनिधित्व गर्ने पदाधिकारी र सदस्यहरू

(ढ) जिल्ला सभापति लगायतको पदाधिकारी जिल्ला परिषद्को पनि सोही जिम्मेवारी निर्वाह गर्नेछन् ।

(ण) जिल्ला परिषद् ५ बर्षको बीचमा कम्तीमा २ पटक बस्नेछ।

**(३) जिल्ला परिषद्को काम कर्तव्य र अधिकार**

जिल्ला परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्ला समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

(ख) विधान तथा उपल्लो तहले तोकेका कामकारवाही गर्ने, गराउने ।

(ग) जिल्ला समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने ।

(घ) जिल्ला अधिवेशन सम्पन्न भएको मिति देखि अर्को जिल्ला अधिवेशनको बीचमा जिल्ला समितिको कुनै पनि पद रिक्त भएमा जिल्ला परिषद्ले पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ ।

## ३३. जिल्ला समिति

**(१) जिल्ला समिति पार्टीको जिल्लाभित्रको जिल्ला परिषद्पछिको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो जिल्ला परिषद्प्रति उत्तरदायी हुनेछ । यसको गठन देहाय बमोजिम हुनेछः**

(क) जिल्ला सभापति १, उपसभापति १, सचिव १, सहसचिव १, समावेशी सदस्य ५, हरेक प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट १ जना हुने गरी सदस्यहरु जिल्ला अधिवेशनबाट निर्वाचित हुनेछन् । सभापतिले निर्वाचित जिल्ला समिति सदस्यबाट १ जना कोषाध्यक्ष मनोनीत गर्न सक्नेछ । कुल जिल्ला समिति संख्या विजोर हुने गरी जिल्ला सभापतिले २ वा ३ जनासम्म मनोनीत गरी जिल्ला समिति गठन हुनेछ । पालिका सभापतिहरु पदेन सदस्य हुनेछन् ।

(ख) जिल्ला सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०% + १) को संख्यामा मत ल्याउनुपर्नेछ । अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ ।

(ग) जिल्ला सभापतिको अन्तिम चरणको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटतम प्रतिद्वन्द्वी स्वतः जिल्ला समिति सदस्य हुनेछ ।

(घ) जिल्ला समितिको कार्यकाल एउटा जिल्ला अधिवेशनबाट अर्को जिल्ला अधिवेशनसम्म हुनेछ र जिल्ला अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ ।

**(२) जिल्ला समितिको काम, कर्तव्य र अधिकार**

(क) जिल्ला परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(ख) दुई जिल्ला परिषद्का बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्मा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा जिल्लाभित्र समग्र पार्टीको नेतृत्व गर्ने ।

(ग) जिल्ला भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको जिल्ला समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने ।

(घ) संघ, प्रदेश र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका जिल्लाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न आफूभन्दा उपल्लो समितिलाई सहयोग गर्ने ।

(ङ) आवश्यकता अनुसार जिल्ला समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

(च) जिल्लाका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जनहितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(छ) पार्टीका जिल्लाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संसोधन र सुझाव सहित अनुमोदन गर्ने । साथै जिल्ला भित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रलाई क्रियाशील बनाउने, मुल्याङ्कन गर्ने र पार्टी संयन्त्रलाई प्रभावकारी बनाउने ।

(ज) जिल्लाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(झ) पार्टीको जिल्ला कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ञ) उपल्लो समितिबाट जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

(ट) विधान बमोजिम जिल्ला अधिवेशन र जिल्ला परिषद्को आयोजना गर्ने ।

**(३) जिल्ला पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(क) जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार**

(१) जिल्ला भित्र पार्टीको समग्र नेतृत्व गर्ने । जिल्ला भित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको रुपमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने।

(२) जिल्ला कार्यसम्पादन समिति र जिल्ला परिषद्का सदस्यको कार्य विभाजन हेरफेर गर्ने ।

(३) जिल्ला भित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(४) जिल्लाभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी जिल्ला समितिलाई दिने ।

(५) पार्टीका जिल्लाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरु कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने ।

(६) जिल्ला सभापति बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार जिल्ला उपसभापतिलाई कार्यवाहक सभापति तोक्ने ।

(७) जिल्ला समितिको बैठक बोलाउने ।

(८) जिल्ला परिषद् तथा जिल्ला समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

(९) पार्टीको निर्णय बमोजिम अन्य कार्यहरु गर्ने ।

(१०) यस विधानले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) जिल्ला उपसभापतिको काम, कर्तव्य र अधिकार**

(१) जिल्ला सभापतिको काममा आवश्यक सहयोग गर्ने ।

(२) जिल्ला सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(३) जिल्ला परिषद् तथा जिल्ला समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ग) जिल्ला सचिवको काम, कर्तव्य र अधिकार**

(१) जिल्ला समिति, जिल्ला परिषद् र पार्टीका माथिल्ला निकायहरुबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र जिल्ला समितिमा प्रस्तुत गर्ने ।

(२) जिल्ला सभापतिको परामर्शमा जिल्ला समिति तथा जिल्ला परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने ।

(३) जिल्ला समिति तथा जिल्ला परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने ।

(४) पार्टीको जिल्ला कार्यालय जिल्ला सचिवको मातहतमा रहनेछ । सचिवले जिल्ला कार्यालयको रेखदेख गर्ने तथा जिल्ला कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।

(५) जिल्ला समिति तथा जिल्ला परिषद्ले तोकेको अन्य काम गर्ने ।

(६) जिल्ला सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने ।

(७) दैनिक कार्यसञ्चालनका लागि जिल्ला सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार जिल्ला सभापतिलाई सल्लाह सुझाव दिने ।

(८) जिल्लामा पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(९) जिल्ला भित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने/गराउने ।

(१०) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(घ) जिल्ला सहसचिवको काम, कर्तव्य र अधिकार**

(१) जिल्ला सचिवको काममा आवश्यक सहयोग गर्ने।

(२) जिल्ला सचिवले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(३) जिल्ला परिषद् तथा जिल्ला समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

(४) जिल्ला संगठन विभागको प्रमुखको रुपमा काम गर्ने ।

**(ङ) जिल्ला कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) जिल्ला भित्र पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) जिल्ला समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र जिल्ला समितिको निर्णय अनुसार सञ्चालन गर्ने ।

(३) जिल्लाभित्र पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने।

(४) पार्टीको कोषमा संकलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि जिल्ला समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन जिल्ला समिति र जिल्ला समितिमार्फत जिल्ला परिषद्मा पेश गर्ने ।

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(छ) जिल्ला समिति सदस्यको काम, कर्तव्य र अधिकार**

(१) जिल्ला समिति, जिल्ला परिषद् तथा जिल्ला सभापतिले तोकेको काम गर्ने ।

(२) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने ।

(३) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

(४) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने ।

(५) मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने ।

## ३४. निर्वाचन क्षेत्र समिति गठन

**(१) निर्वाचन क्षेत्र समिति देहाय बमोजिम गठन हुनेछ ।**

(क) एक भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला समितिले निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने जिल्ला सदस्यको संयोजकत्वमा ७ सदस्यीय निर्वाचन क्षेत्र समिति गठन गर्नेछ । तर एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा जिल्ला समितिले नै निर्वाचन क्षेत्र समितिको कार्य गर्नेछ ।

(ख) निर्वाचन क्षेत्र समितिमा उपसंयोजक २ (फरक प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी), सचिव १ र सदस्य ३ जना (फरक प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी) सहितको सम्बन्धित निर्वाचन क्षेत्रबाट जिल्ला अधिवेशनमा आएका प्रतिनिधिहरु मध्येबाट निर्वाचन क्षेत्र समिति निर्वाचित गरिनेछ ।

(२) निर्वाचन क्षेत्र समितिको कुनै पद रिक्त भएमा जिल्ला समितिले सम्बन्धित निर्वाचन क्षेत्र भित्रको पार्टी सदस्यहरुबाट मनोनीत गर्ने छ ।

(३) पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधि सभा र प्रदेश सभा सदस्यहरु स्थायी आमन्त्रित सदस्य हुनेछन् ।

## (४) निर्वाचन क्षेत्र समितिको काम, कर्तव्य र अधिकार

(क) निर्वाचन क्षेत्र भित्रका वडा, पालिका, प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनको लागि आवश्यक तयारी गर्ने ।

(ख) निर्वाचन क्षेत्र भित्रका मतदाता तथा पार्टी सदस्यहरुलाई मतदाता शिक्षा सम्वन्धी कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने ।

(ग) निर्वाचनमा पार्टीको उमेदवारहरुलाई निर्वाचित गराउन आफ्नो निर्वाचन क्षेत्रको सबै संगठनहरुसंग समन्वय गरी आवश्यक कार्य गर्ने ।

(घ) वडा समितिसँगको समन्वयमा निर्वाचनको कार्य गर्न संयोजक १, उपसंयोजक १, सचिव १ र २ जना सदस्यहरु ५ जनाको मतदान स्थल समिति गठन गर्ने र मतदान केन्द्र(बुथ)को संख्या अनुसार बुथ प्रतिनिधिहरु परिचालन गर्ने । मतदान स्थल समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ङ) मतदाताहरुको विवरण तयार गर्ने तथा विगतका निर्वाचनको विश्लेषण गरी प्रतिवेदन तयारी गरी जिल्ला सभापतिलाई बुझाउने ।

(च) पार्टीको निर्वाचन आयोगले तोकेको निर्वाचनसँग सम्बन्धित कार्य गर्ने ।

(छ) पार्टीको सम्बन्धित [illegible]

समन्वय, सहकार्य र निर्देशनमा निर्वाचन सम्बन्धी तोकिएका कार्यहरु गर्ने ।

(ज) निर्वाचन क्षेत्र समितिको कार्यलाई सहजीकरण, कार्य विभाजन र प्रभावकारिता बढाउन निर्वाचन मिति घोषणा भएको मितिले १५ दिन भित्र कम्तीमा १ पटक, उमेदवार घोषणा भएको मितिले १० दिन भित्र कम्तीमा १ पटक र अन्य आवश्यकता अनुसार निर्वाचन क्षेत्र समितिको विस्तारित बैठक गर्ने ।

उक्त बैठकमा निर्वाचन क्षेत्र समिति सबै, जिल्ला समितिका पदाधिकारी सदस्यहरु सबै, सम्बन्धित निर्वाचन क्षेत्रभित्रका वडा सभापति, उपसभापति, सचिव र सम्बन्धित निर्वाचन क्षेत्रमा मतदाता ठेगाना रहेका पालिका समिति सदस्यहरू, पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधि सभासदस्य, प्रदेश सभा सदस्य, सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी ठेगाना भएको निर्वाचित पालिका जनप्रतिनिधिहरु र पूर्व उमेदवारहरु तथा मतदानस्थल (बुथ कमिटि) समितिका पदाधिकारीहरु समेत सहभागी हुनेछन् ।

(झ) जिल्ला समितिले तोकेका कार्यहरु गर्ने ।

**(५) निर्वाचन क्षेत्र समिति पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(क) निर्वाचन क्षेत्र समिति संयोजकको काम, कर्तव्य र अधिकार**

(१) निर्वाचन क्षेत्र समितिको समग्र नेतृत्व गर्ने । साथै जिल्ला समितिलाई निर्वाचन क्षेत्र समितिको प्रतिवेदन पेश गर्ने ।

(२) निर्वाचन क्षेत्र समिति सदस्यको कार्य विभाजन हेरफेर गर्ने ।

(३) निर्वाचन क्षेत्र समितिले गर्ने भनि विधानले तोकेको कार्य गर्न नेतृत्व प्रदान गर्ने ।

(४) निर्वाचन क्षेत्र समितिभित्र पार्टीका अगाडि तत्काल

परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी निर्वाचन क्षेत्र समितिलाई दिने ।

(५) जिल्ला बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार उपसंयोजकलाई कार्यवाहक संयोजक तोक्ने ।

(६) निर्वाचन क्षेत्र समितिको बैठक बोलाउने ।

(७) निर्वाचन क्षेत्र समिति तथा विधानले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) निर्वाचन क्षेत्र समिति उपसंयोजकको काम, कर्तव्य र अधिकार**

(१) निर्वाचन क्षेत्र संयोजकको काममा आवश्यक सहयोग गर्ने ।

(२) संयोजकले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(३) निर्वाचन क्षेत्र समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ग) निर्वाचन क्षेत्र समिति सचिवको काम, कर्तव्य र अधिकार**

(१) निर्वाचन क्षेत्र समिति र पार्टीका माथिल्ला निकायहरुबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र समितिमा प्रस्तुत गर्ने ।

(२) संयोजकको परामर्शमा समितिको बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने ।

(३) समितिबाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने ।

(४) समितिले तोकेको अन्य काम गर्ने ।

(५) संयोजकको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने ।

(६) पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने ।

(७) निर्वाचन क्षेत्र समितिको कार्यहरुको आधिकारिक अभिलेखको संरक्षण गर्ने/गराउने तथा प्रतिवेदन तयार गर्ने ।

**(घ) निर्वाचन क्षेत्र समिति सदस्यको काम, कर्तव्य र अधिकार**

(१) समिति तथा संयोजकले तोकेको काम गर्ने ।

(३) समितिको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने ।

(४) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने ।

## ३५. पालिका अधिवेशन

(१) पालिका अधिवेशन पालिकाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ।

**(२) पालिका अधिवेशनको प्रतिनिधिहरु देहाय बमोजिम हुनेछन्:**

(क) पालिका समितिका पदाधिकारी तथा सदस्यहरू सबै,

(ख) पालिका सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यहरू सबै,

(ग) पालिका सम्पर्क विभागको प्रमुख सहित सबै,

(घ) वडा समितिका पदाधिकारी तथा सदस्यहरू सबै,

(ङ) पालिका विभागका पदाधिकारी तथा सदस्यहरू सबै,

(च) पार्टीको तर्फबाट पालिका भित्रबाट निर्वाचित जनप्रतिनिधिहरु

(छ) पालिका भित्रको समिति भन्दा बाहिरको सम्बन्धित वडामा मतदाता ठेगाना भएको १०० जनासम्म सदस्य भएको वडाबाट न्यूनतम १ महिला सहित समावेशी हुनेगरी ३ जना प्रतिनिधि

(ज) पालिका भित्रको समिति भन्दा बाहिरको सम्बन्धित वडामा मतदाता ठेगाना भएका १०० जना भन्दा बढी सदस्य भएको वडाबाट प्रति ५० जना सदस्य बराबर १ जना प्रतिनिधि

(झ) जिल्ला, प्रदेश, केन्द्र समितिमा पालिकाबाट प्रतिनिधित्व गर्ने सबै । जिल्ला, प्रदेश, केन्द्रीय विभागमा जिल्ला प्रतिनिधित्व गर्ने पदाधिकारी र सदस्यहरू

(३) विधान बमोजिम पालिका समितिको कार्यकाल सकिनु ३ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले जिल्ला समितिलाई जिल्ला अधिवेशन सम्पन्न गर्नका लागि सिफारिस गर्नेछ ।

(४) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा पालिका समितिले पालिका अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(५) केन्द्रीय निर्वाचन आयोगले पालिका अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(६) पालिका अधिवेशनबाट पालिका समिति गठन हुनेछ ।

(७) पालिका अधिवेशनको आयोजना पालिका समितिले गर्नेछ ।

(८) प्रत्येक ५ वर्षमा पालिका अधिवेशन हुनेछ ।

**(९) पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार**

(क) पालिका समितिको पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने ।

(ख) पालिका अधिवेशनले तोकिए बमोजिमको संख्यामा जिल्ला अधिवेशन प्रतिनिधि, प्रदेश अधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशन प्रतिनिधि छनौट गर्ने । एकै व्यक्ति फरक तहको अधिवेशन वा महाधिवेशनमा प्रतिनिधि हुन सक्ने छैन ।

## ३६. पालिका परिषद्

(१) पालिका परिषद् पालिकाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ ।

(२) पालिका परिषद्को गठन देहाय बमोजिम हुनेछ :

(क) पालिका समितिका सबै पदाधिकारी तथा सदस्यहरु

(ख) पालिका सल्लाहकारहरु

(ग) पालिका उम्मेदवार क्लबका सबै सदस्यहरु

(घ) पालिकामा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु

(ङ) पालिकाका सम्पर्क विभागका प्रमुख, उपप्रमुख र सचिव सबै,

(च) पालिका विभाग सबै

(छ) पालिका च्याट संयोजक, उपसंयोजक र सचिव

(ज) पालिकाभित्रका वडा परिषद्बाट सिफारिस १ महिला सहित २ जना प्रतिनिधिहरु

(झ) पालिकाभित्रका वडा समितिका पदाधिकारीहरु सबै

(ञ) जिल्ला, प्रदेश, केन्द्र समितिमा पालिकाबाट प्रतिनिधित्व गर्ने सबै । जिल्ला, प्रदेश, केन्द्रीय विभागमा पालिका प्रतिनिधित्व गर्ने पदाधिकारी र सदस्यहरू

(३) परिषद्का सबै सदस्य अनिवार्य रुपमा पार्टीको केन्द्रीय पोर्टलबाट सदस्यता लिएको तथा सम्बन्धित पालिकाको मतदाता ठेगाना रहेको हुनपर्नेछ ।

(४) पालिका सभापति, उपसभापति र सचिवले पालिका परिषद् को पनि सभापति, उपसभापति र सचिवको जिम्मेवारी निर्वाह गर्नेछन् ।

(५) पालिका परिषद ५ बर्षको बीचमा कम्तीमा २ वटा बस्नेछ ।

**(६) पालिका परिषद्को काम कर्तव्य र अधिकार**

पालिका परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पालिका समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

(ख) विधान तथा उपल्लो तहले तोकेका कामकारवाही गर्ने, गराउने ।

(ग) पालिका परिषद्का सदस्यहरुको कार्य विभाजन गर्ने ।

(घ) पालिका समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने ।

(ङ) पालिका अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को जिल्ला अधिवेशनको बीचमा पालिका समितिको कुनै पनि पद रिक्त भएमा पालिका परिषद्ले पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ ।

## ३७. पालिका समिति

(१) पालिका समिति पार्टीको पालिकाभित्रको पालिका परिषद् पछिको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो पालिका परिषद्प्रति उत्तर दायी हुनेछ । यसको गठन देहाय बमोजिम हुनेछ :

(क) सभापति १ जना, उपसभापति १ जना, सचिव १ जना, सहसचिव १ जना र गाउँपालिका समितिमा ५ जना सदस्यहरु, नगरपालिका समितिमा ९ जना सदस्यहरु र उपमहानगरपालिका समितिमा १५ जना सदस्यहरु र महानगरपालिका समितिमा १९ जना सदस्यहरु निर्वाचित हुनेछन् । निर्वाचित पालिका सदस्यमध्येबाट सभापतिले पालिका कोषाध्यक्ष मनोनीत गर्नेछ । सभापतिले पालिकाको सदस्यहरुबाट २ जनासम्म पालिका समिति सदस्य मनोनीत गर्न सक्नेछ । पालिकाभित्रका सबै वडा सभापति पदेन सदस्य हुनेछन् साथै पालिकामा निर्वाचित जनप्रतिनिधि प्रमुख र उपप्रमुख स्थायी आमन्त्रित हुनेछन् ।

**पालिका समिति देहाय अनुसार हुनेछः**

गाउँपालिका समितिः ११ जना, नगरपालिका समितिः १५ जना, उपमहानगरपालिका समितिः २१ जना, महानगर पालिका समितिः २५ जना

(ख) पालिका समितिमा १ जना पालिका सभापति, १ जना पालिका उपसभापति, १ जना पालिका सचिव, १ जाना सहसचिव, १ जना पालिका कोषाध्यक्ष र बाँकी पालिका समितिको सदस्य हुनेछन् ।

(ग) पालिका सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०% + १) को संख्यामा मत ल्याउनुपर्नेछ। अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ ।

(घ) पालिका सभापतिको अन्तिम चरणको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटतम प्रतिद्वन्द्वी स्वतः पालिका

समिति सदस्य हुनेछ । यो संख्या सभापतिबाट मनोनीत हुने संख्यामा मिलान गरिनेछ ।

(ङ) पालिका समितिमा कम्तीमा १ जना दलित सहित ३३ प्रतिशत महिला अनिवार्य रूपमा हुनु पर्नेछ भने युवालाई प्राथमिकतामा राखिने छ । कुनै कारणवश यो अनुसार समावेशिता कायम हुन नसके ती पद रिक्त रहनेछ र फरक समूहबाट पूर्ति गरिने छैन ।

(च) पालिका समितिको कार्यकाल एउटा पालिका अधिवेशनबाट अर्को पालिका अधिवेशनसम्म हुनेछ र पालिका अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ ।

(छ) निर्वाचित सभापतिले पालिका कोषाध्यक्षको काम कारवाही चित्त नबुझेमा निजलाई जिम्मेवारीबाट हटाई अर्को निर्वाचित सदस्यहरुमध्येबाट पालिका कोषाध्यक्ष मनोनीत गर्न सक्नेछन् ।

**(२) पालिका समितिको काम, कर्तव्य र अधिकार**

(क) पालिका परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(ख) दुई पालिका परिषद्का बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्मा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा पालिकाभित्र समग्र पार्टीको नेतृत्व गर्ने ।

(ग) पालिका भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको पालिका समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने ।

(घ) पालिका तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका पालिकाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न

आफूभन्दा उपल्लो समितिलाई सहयोग गर्ने ।

(ङ) आवश्यकता अनुसार पालिका समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

(च) पालिकाका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जनहितको र क्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(छ) पार्टीका पालिकाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने ।

(ज) पालिकाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(झ) पार्टीको पालिका कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ञ) यस विधानमा पालिका समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

(ट) उपल्लो समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

(ठ) विधान बमोजिम पालिका अधिवेशन र पालिका परिषद् आयोजना गर्ने ।

**(३) पालिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(क) पालिका सभापतिको काम, कर्तव्य र अधिकार**

(१) पालिका भित्र पार्टीको समग्र नेतृत्व गर्ने ।

पालिकाभित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको रुपमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(२) पालिका समिति र पालिका परिषद्का सदस्यको कार्य विभाजन हेरफेर गर्ने ।

(३) पालिका भित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(४) पालिकाभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी पालिका समितिलाई दिने ।

(५) पार्टीका पालिकाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरु कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने ।

(६) पालिका सभापति बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार पालिका उपसभापतिलाई कार्यवाहक सभापति तोक्ने ।

(७) पालिका समितिको बैठक बोलाउने ।

(८) पालिका परिषद् तथा पालिका समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

(९) पार्टीको निर्णय बमोजिम अन्य कार्यहरु गर्ने ।

(१०) यस विधानले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) पालिका उपसभापतिको काम, कर्तव्य र अधिकार**

(१) पालिका सभापतिको काममा आवश्यक सहयोग गर्ने ।

(२) पालिका सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(३) पालिका परिषद् तथा पालिका समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

## (ग) पालिका सचिवको काम, कर्तव्य र अधिकार

(१) पालिका समिति, पालिका परिषद् र पार्टीका माथिल्ला निकायहरुबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र पालिका समितिमा प्रस्तुत गर्ने ।

(२) पालिका सभापतिको परामर्शमा पालिका समिति तथा पालिका परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने ।

(३) पालिका समिति तथा पालिका परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने ।

(४) पार्टीको पालिका कार्यालय पालिका सचिवको मातहतमा रहनेछ । सचिवले पालिका कार्यालयको रेखदेख गर्ने तथा पालिका कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।

(५) पालिका समिति तथा पालिका परिषद्ले तोकेको अन्य काम गर्ने ।

(६) पालिका सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने ।

(७) दैनिक कार्यसञ्चालनका लागि पालिका सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार पालिका सभापतिलाई सल्लाह सुझाव दिने ।

(८) पालिकामा पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(९) पालिका भित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने/गराउने ।

(१०) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(घ) **पालिका सहसचिवको काम, कर्तव्य र अधिकार**

(१) पालिका सचिवको काममा आवश्यक सहयोग गर्ने ।

(२) पालिका सचिवले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(३) पालिका परिषद् तथा पालिका समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

(४) पालिका संगठन विभागको प्रमुखको रुपमा काम गर्ने ।

(ङ) **पालिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) पालिकाभित्र पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) पालिका समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र सञ्चालन गर्ने ।

(३) पालिकाभित्र पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने।

(४) पार्टीको कोषमा संकलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि पालिका समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन पालिका समितिमार्फत् पालिका परिषद्मा पेश गर्ने ।

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(च) **पालिका समिति सदस्यको काम, कर्तव्य र अधिकार**

(१) पालिका समिति, पालिका परिषद् तथा पालिका सभापतिले तोकेको काम गर्ने ।

(२) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने ।

(३) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

(४) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने ।

(५) मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने ।

## ३८. वडा अधिवेशन

(१) वडा अधिवेशन वडाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ ।

(२) विधान बमोजिम तोकिएको प्रक्रिया पूरा गरेका पार्टी सदस्यहरु वडा अधिवेशनको प्रतिनिधिहरु हुनेछन् ।

(३) विधान बमोजिम पालिका समितिको कार्यकाल सकिनु ३ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले जिल्ला समितिलाई जिल्ला अधिवेशन सम्पन्न गर्नका लागि सिफारिस गर्नेछ ।

(४) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा वडा समितिले वडा अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(५) वडा समितिको पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्नेछ ।

(६) प्रत्येक ५ वर्षमा वडा अधिवेशन हुनेछ ।

(७) वडा अधिवेशनको आयोजना वडा समितिले गर्नेछ ।

## ३९. वडा परिषद्

(१) वडा परिषद् वडाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ ।

(२) वडा परिषद्को गठन देहाय बमोजिम हुनेछ ।

(क) वडा समितिका सबै पदाधिकारी तथा सदस्यहरु,

(ख) सम्बन्धित वडाका केन्द्रीय पोर्टलमा दर्ता भएका प्रति ५० जना सम्म पार्टी सदस्यहरु बराबर वडा समितिले मनोनीत गर्ने १ महिला सहित २ जना प्रतिनिधिहरु (० देखि

५० सम्म २ जना, ५१ देखि १०० सम्म ४ जना, १०१ देखि १५० सम्म ६ जना एवम् रितले बढ्दै जाने) । यसरी मनोनीत हुने संख्या मनोनयनको बखतको पार्टी सदस्य संख्याका आधारमा निर्धारण गरिनेछ, र पार्टी सदस्य संख्या वृद्धिसँगै मनोनीत हुने संख्या एवम् रित अनुसार बढ्दै जानेछ ।

(ग) वडा उम्मेदवार क्लबका सबै सदस्यहरु ।

(घ) वडा तहमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु ।

(ङ) पालिका, जिल्ला, प्रदेश, केन्द्र समितिमा वडाबाट प्रतिनिधित्व गर्ने सबै । पालिका, जिल्ला, प्रदेश, केन्द्रीय विभागमा पालिका प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यहरू सबै,

(च) परिषद्का सबै सदस्य अनिवार्य रुपमा पार्टीको केन्द्रीय पोर्टलबाट सदस्यता लिएको तथा सम्बन्धित वडाका मतदाता ठेगाना रहेको हुनपर्नेछ ।

(छ) वडा सभापति, उपसभापति र सचिवले वडा परिषद्को पनि सभापति, उपसभापति र सचिवको जिम्मेवारी निर्वाह गर्नेछन् ।

(ज) वडा परिषद वर्षमा कम्तीमा एक पटक बस्नेछ ।

**(२) वडा परिषद्को काम कर्तव्य र अधिकार**

वडा परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) वडा समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

(ख) विधान तथा उपल्लो तहले तोकेका कामकारवाही गर्ने, गराउने ।

(ग) वडा परिषद्का सदस्यहरुको कार्य विभाजन गर्ने ।

(घ) वडा समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने ।

(ङ) वडा अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को वडा अधिवेशनको बीचमा वडा समितिको कुनै पनि पद रिक्त भएमा वडा परिषद्ले पदपूर्ति गर्नेछ। यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ ।

## ४०. वडा समिति

**(१) वडा समिति पार्टीको वडाभित्रको वडा परिषद्पछिको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो वडा परिषद्प्रति उत्तरदायी हुनेछ। यसको गठन देहाय बमोजिम हुनेछ :**

(क) वडा समिति न्यूनतम ३ जना देखि अधिकतम ११ जनाको हुनेछ ।

(ख) वडा समितिमा सभापति १, उपसभापति १, सचिव १ र सदस्यहरु ६ जना वडा अधिवेशन प्रतिनिधिहरुबाट निर्वाचित हुनेछन् । निर्वाचित वडा सभापतिले वडाको पार्टी सदस्यहरुबाट २ जना वडा समितिमा मनोनीत गर्न सक्नेछ। पार्टीको तर्फबाट निर्वाचित वडाको जनप्रतिनिधि स्थायी आमन्त्रित सदस्य हुनेछ ।

(ग) वडा सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०% ं १) को संख्यामा मत ल्याउनुपर्नेछ । अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ ।

(घ) वडा सभापतिको अन्तिम चरणको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटतम प्रतिद्वन्द्वी १ जना स्वतः वडा समिति सदस्य हुनेछ । यो संख्या सभापतिबाट मनोनीत हुने संख्यामा मिलान गरिनेछ ।

(ङ) ११ जनाको पूर्ण समितिमा ४ जना महिला (१ जना दलित महिला सहित) अनिवार्य रूपमा हुनुपर्नेछ भने युवालाई प्राथमिकतामा राखिनेछ । कुनै कारणवश यो अनुसार समावेशिता कायम हुन नसके, ती पद रिक्त रहनेछ र फरक समूहबाट पूर्ति गरिने छैन ।

(च) वडा समितिको कार्यकाल एउटा वडा अधिवेशनबाट अर्को वडा अधिवेशनसम्म हुनेछ र वडा अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ ।

(छ) अधिवेशनबाट निर्वाचित जिल्ला समितिका सदस्यहरू मध्येबाट वडा अधिवेशनले उपसभापति र सचिव निर्वाचित गर्नेछ ।

## (२) वडा समितिको काम, कर्तव्य र अधिकार

(क) वडा परिषद्‌को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(ख) दुई वडा परिषद्‌का बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्‌मा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा वडाभित्र समग्र पार्टीको नेतृत्व गर्ने ।

(ग) वडा भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको वडा समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने ।

(घ) वडा तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका वडाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न आफूभन्दा उपल्लो समितिलाई सहयोग गर्ने ।

(ङ) आवश्यकता अनुसार वडा समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

(च) वडाका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जनहितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्यसञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(छ) विधान बमोजिम वडा अधिवेशन र वडा परिषद्‌को आयोजना गर्ने ।

(ज) वडाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति

स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(झ) पार्टीको वडा कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ञ) यस विधानमा वडा समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

(ट) उपल्लो समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

**(३) वडा पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(क) वडा सभापतिको काम, कर्तव्य र अधिकार**

(१) वडा भित्र पार्टीको समग्र नेतृत्व गर्ने । वडा भित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको रुपमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(२) वडा समिति र वडा परिषद्का सदस्यको कार्य विभाजन हेरफेर गर्ने ।

(३) वडा भित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(४) वडाभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी वडा समितिलाई दिने ।

(५) वडाका पार्टी सदस्यहरुलाई दिइएको जिम्मेवारीको कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने ।

(६) वडा सभापति बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार वडा उपसभापतिलाई कार्यवाहक सभापति तोक्ने ।

(७) वडा समितिको बैठक बोलाउने ।

(८) वडा परिषद् तथा वडा समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

(९) पार्टीको निर्णय बमोजिम अन्य कार्यहरु गर्ने ।

(१०) यस विधानले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) वडा उपसभापतिको काम, कर्तव्य र अधिकार**

(१) वडा सभापतिको काममा आवश्यक सहयोग गर्ने ।

(२) वडा सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(३) वडा परिषद् तथा वडा समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ग) वडा सचिवको काम, कर्तव्य र अधिकार**

(१) वडा समिति, वडा परिषद् र पार्टीका माथिल्ला निकायहरुबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र वडा समितिमा प्रस्तुत गर्ने ।

(२) वडा सभापतिको परामर्शमा वडा समिति तथा वडा परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने ।

(३) वडा समिति तथा वडा परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरिवेक्षण गर्ने गराउने ।

(४) पार्टीको वडा कार्यालय वडा सचिवको मातहतमा रहनेछ । सचिवले वडा कार्यालयको रेखदेख गर्ने तथा वडा कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।

(५) वडा समिति तथा वडा परिषद्ले तोकेको अन्य काम गर्ने ।

(६) वडा सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने ।

(७) दैनिक कार्यसञ्चालनका लागि वडा सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार वडा सभापतिलाई सल्लाह सुझाव दिने ।

(८) वडामा पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(९) वडा भित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने/गराउने ।

(१०) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(घ) वडा समिति सदस्यको काम, कर्तव्य र अधिकार**

(१) वडा समिति, वडा परिषद् तथा वडा सभापतिले तोकेको काम गर्ने ।

(२) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने ।

(३) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

(४) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने ।

(५) मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने ।

## भाग - १०
## राष्ट्रिय महाधिवेशन र अधिवेशन सम्बन्धी थप व्यवस्था

### ४१. अधिवेशन र महाधिवेशन सम्बन्धी थप व्यवस्था

(१) राष्ट्रिय महाधिवेशन वडा अधिवेशनको प्रक्रियाबाट शुरु हुनेछ ।

(२) पालिका अधिवेशन गर्नका लागि पालिका भित्रका सबै वडाका अधिवेशन भइसकेको हुनपर्नेछ । कुनै कारणवश पालिका भित्रका कुनै वडाको अधिवेशन गर्न सम्भव नभए केन्द्रीय संगठन विभागले निर्णय गरी सो वडाको अधिवेशन थाँती राखी पालिका अधिवेशन गर्न सकिनेछ ।

(३) जिल्ला अधिवेशन गर्नका लागि जिल्ला भित्रका सबै पालिकाका अधिवेशन भइसकेको हुनपर्नेछ । कुनै कारणवश जिल्ला भित्रका कुनै पालिकाको अधिवेशन गर्न सम्भव नभए केन्द्रीय समितिले निर्णय गरी सो पालिकाको अधिवेशन थाँती राखी जिल्ला अधिवेशन गर्न सकिनेछ ।

(४) प्रदेश अधिवेशन गर्नका लागि प्रदेश भित्रका सबै जिल्लाका अधिवेशन भइसकेको हुनपर्नेछ । कुनै कारणवश कुनै जिल्लाको अधिवेशन गर्न सम्भव नभए केन्द्रीय समितिले निर्णय गरी सो जिल्लाको अधिवेशन थाँती राखी प्रदेशको अधिवेशन गर्न सकिनेछ ।

(५) राष्ट्रिय महाधिवेशनको पहिलो चरण गर्नका लागि सबै प्रदेशका अधिवेशन भइसकेको हुनपर्नेछ ।

(६) वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रको अधिवेशन तथा महाधिवेशन आयोजक समितिमा तोकिएको बाहेक थप सदस्यहरु केन्द्रीय समितिले मनोनीत गर्न सक्नेछ ।

(७) सम्बन्धित तहको महाधिवेशन तथा अधिवेशनमा सभापति, पदाधिकारी र सदस्यको निर्वाचनमा उम्मेदवार हुनका लागि सम्बन्धित भूगोलको पार्टीको सकृय सदस्य भई प्रतिनिधि हुनुपर्नेछ । उम्मेदवार सम्बन्धी योग्यता नियमावलीमा तोके

बमोजिम हुनेछ ।

(८) अधिवेशन र महाधिवेशन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोके बमोजिम हुनेछ ।

## ४२. प्रथम राष्ट्रिय महाधिवेशन र अधिवेशनहरु

(१) केन्द्रीय संगठन विभागले प्रमाणित गरेका वडा, पालिका, जिल्ला र प्रदेशका तदर्थ समितिहरु सम्बन्धित तहका अधिवेशन आयोजक समिति हुनेछ ।

(२) तत्काल बहाल रहेको केन्द्रीय समिति राष्ट्रिय महाधिवेशन आयोजक समिति हुनेछ ।

(३) कुनै परिस्थिति वा कारणले अद्यावधिक भएका तर अधिवेशन सम्पन्न हुन नसकेका प्रदेश, जिल्ला, पालिका तथा वडा समिति लाई केन्द्रीय संगठन विभागले प्रमाणित गरेका सम्बन्धित समिति तथा अन्तर्गतका निकायहरुबाट विधान बमोजिम तत् तत् समितिको अधिवेशन तथा महाधिवेशनमा प्रतिनिधि आउने विशेष व्यवस्था गरी अधिवेशन तथा महाधिवेशन गर्न सकिने छ ।

# भाग - ११
# विभागहरु

## ४३. संरचनागत विभाग

### (१) संगठन विभाग

केन्द्रमा महामन्त्री वा केन्द्रीय समितिले तोकेको सहमहामन्त्री, प्रदेशमा सहमहामन्त्री, जिल्ला र पालिकामा सहसचिवको नेतृत्वमा पार्टीको विभिन्न तहमा विधान बमोजिमको संगठन निर्माण तथा विस्तार गर्न, तहगत समितिहरु साथै पार्टी सदस्यहरुको अद्यावधिक गर्न, निर्वाचन आयोगलाई सहजीकरण गर्न, तहगत पार्टी संरचनाहरुलाई समन्व्य तथा सुदृढीकरण गर्न केन्द्र, प्रदेश, जिल्ला र पालिका तहमा संगठन विभाग गठन गरिने छ ।

(क) निर्वाचित समिति नभएको तहमा संगठन विभागले तदर्थ

समिति गठन गर्न सक्ने छ । तदर्थ समितिले निर्वाचित समिति गठन गर्न भूमिका खेल्ने छ । निर्वाचित समिति गठन नहुञ्जेलसम्म संगठन विभागले गठन गरेको तदर्थ समितिले निर्वाचित समितिको काम कर्तब्य अधिकार बमोजिम काम गर्न सक्नेछ ।

(ख) केन्द्रीय संगठन विभाग र प्रादेशिक संगठन विभागमा र्‍याट समन्वय विभागको प्रमुख संगठन विभागको उपप्रमुख हुने छ भने जिल्ला र पालिकामा र्‍याटको प्रमुख उपप्रमुख हुनेछ ।

(ग) प्रमुख १, उपप्रमुख २ (र्‍याट समन्वय विभाग प्रमुख र अन्यबाट), सचिव १ र बाँकी सदस्यहरु हुने गरी केन्द्रमा २१ जना, प्रदेशमा १५ जना, जिल्लामा ११ जना र पालिकामा ९ जना सम्मको संगठन विभाग गठन गर्न सकिने छ ।

(घ) संगठन विभागको अन्य व्यवस्था संगठन विभाग सञ्चालन नियमावली अनुसार हुनेछ ।

**(२) र्‍याट (Rapid Action Team - RAT) समन्वय विभाग तथा र्‍याट (Rapid Action Team - RAT)**

सरोकारवाला निकायसँग समन्वय गरेर दैवी प्रकोप, विपत् व्यवस्थापन तथा मानवीय उद्धारका लागि तत्काल पहल गर्न तथा विकृति र विसङ्गति विरूद्ध तत्काल खबरदारीका लागि काम गर्न र समाजसेवाका अन्य कार्य गर्न पार्टी सदस्यहरु मध्येबाट र्‍याट गठन हुनेछ । र्‍याटलाई समन्वय, सहजीकरण, व्यवस्थित गर्न तथा अद्यावधिक गर्न केन्द्र, र प्रदेश तहमा र्‍याट समन्वय विभागको गठन हुनेछ ।

(क) केन्द्रीय र्‍याट समन्वय विभागले केन्द्रीय र्‍याट, जिल्ला समितिले जिल्ला र्‍याट र पालिका समितिले पालिका र्‍याट गठन गर्नेछ ।

(ख) प्रदेशभित्रका जिल्ला ऱ्याट र पालिका ऱ्याटहरुको संयोजन प्रदेश ऱ्याट समन्वय विभागले गर्नेछ । मुलुकभरका ऱ्याटहरुको संयोजन केन्द्रीय ऱ्याट समन्वय विभागले गर्नेछ ।

(ग) प्रमुख १, उपप्रमुख १, सचिव १ र अन्य सदस्यहरु हुने गरी केन्द्रीय ऱ्याट समन्वय विभाग २१ जना र प्रादेशिक ऱ्याट समन्वय विभाग १५ जना सम्मको हुनेछ । साथै प्रत्येक ऱ्याटमा १ जना संयोजक, १ जना उपसंयोजक, १ जना सचिव र अन्य सदस्यहरु हुनेछन् ।

(घ) ऱ्याट सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ ।

## (३) प्रवास नेपाली सम्पर्क विभाग

स्थायी ठेगाना भन्दा बाहिर (विदेशमा) रहेका पार्टी सदस्य एवम् नेपालीहरुका लागि आवश्यक समन्वय गर्न केन्द्रीय प्रवास नेपाली सम्पर्क विभाग गठन गरी यस अन्तर्गत अन्य देशमा आवश्यकता अनुसार प्रवास नेपाली सम्पर्क विभाग गठन हुनेछ । प्रवास नेपाली सम्पर्क विभागको अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली अनुसार हुनेछ ।

## (४) सम्पर्क विभाग

स्थायी ठेगाना भन्दा बाहिर (स्वदेशमा) रहेका पार्टी सदस्य एवम् नेपालीहरुका लागि आवश्यक समन्वय गर्न तहगत समिति अन्तर्गत सम्पर्क विभागहरु गठन हुनेछ। तहगत सम्पर्क विभागको समन्वय तथा अद्यावधिक संगठन विभागले गर्ने छ ।

(क) प्रदेश समितिले देशभित्रै रहेका तर अर्को प्रदेशमा बस्ने पार्टी सदस्य एवम् नेपालीहरुका लागि प्रदेश सम्पर्क विभाग गठन गर्नेछ ।

(ख) जिल्ला समितिले देशभित्रै रहेका तर अर्को जिल्लामा बस्ने पार्टी सदस्य एवम् नेपालीहरुका लागि जिल्ला सम्पर्क विभाग गठन गर्नेछ ।

(ग) पालिका समितिले देशभित्रै रहेका तर अर्को पालिकामा बस्ने पार्टी सदस्य एवम् नेपालीहरुका लागि पालिका सम्पर्क विभाग गठन गर्नेछ ।

(घ) सम्पर्क विभागको अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली अनुसार हुनेछ ।

## ४४. पार्टीको विषयगत विभागहरु

(१) केन्द्रीय समितिले पार्टीको केन्द्रीय सदस्य वा विषय विज्ञ पार्टी सदस्यबाट विभागीय प्रमुख १ र नियमावलीले तोके बमोजिमको योग्यता पुगेको पार्टी सदस्यहरुबाट उपप्रमुख १, सचिव १ र अन्य सदस्यहरु हुने गरी २१ जना सम्मको केन्द्रीय विभागहरु गठन गरिने छ ।

(२) प्रदेश समितिले पार्टीको प्रदेश सदस्य वा विषय विज्ञ पार्टी सदस्यबाट विभागीय प्रमुख १ र नियमावलीले तोके बमोजिमको योग्यता पुगेको पार्टी सदस्यहरुबाट उपप्रमुख १, सचिव १ र अन्य सदस्यहरु हुने गरी १५ जना सम्मको प्रदेश विभागहरु गठन गरिने छ ।

(३) पालिका समितिले पार्टीको पालिका सदस्य वा विषय विज्ञ पार्टी सदस्यबाट विभागीय प्रमुख १ र नियमावलीले तोके बमोजिमको योग्यता पुगेको पार्टी सदस्यहरुबाट उपप्रमुख १, सचिव १ र अन्य सदस्यहरु हुने गरी ९ जना सम्मको पालिका विभागहरु गठन गरिने छ ।

**(४) विभागहरु देहाय बमोजिमको हुनेछन् ।**

| केन्द्रीय तहका विभाग | |
|---|---|
| (१) नीति तथा विचार विभाग | (१९) शिक्षा विभाग |
| (२) प्रशिक्षण विभाग | (२०) स्वास्थ्य तथा जनसंख्या विभाग |
| (३) अन्तर्राष्ट्रिय सम्बन्ध विभाग | (२१) कृषि विभाग |
| (४) अभियान तथा प्रचारप्रसार विभाग | (२२) पर्यटन तथा संस्कृति विभाग |
| (५) आर्थिक व्यवस्थापन विभाग | (२३) मुद्रा तथा पुँजी बजार विभाग |
| (६) कानुन तथा न्याय विभाग | (२४) उद्योग तथा वाणिज्य विभाग |
| (७) अर्थ नीति विभाग | (२५) श्रम तथा उपभोक्ता हित विभाग |
| (८) मानव विकास प्रवर्द्धन विभाग | (२६) यातायत विभाग |
| (९) उत्पादन प्रवर्धन विभाग | (२७) महिला तथा सामाजिक विकास विभाग |
| (१०) नेतृत्व क्षमता तथा मानव संसाधन विकास विभाग | (२८) पूर्वाधार विकास विभाग |
| (११) सार्वजानिक मामिला विभाग | (२९) युवा तथा खेलकुद विभाग |
| (१२) भ्रष्ट्राचार निवारण तथा सुशासन प्रवर्धन | (३०) विज्ञान, सञ्चार तथा सूचना प्रविधि विभाग |
| (१३) गुनासो व्यवस्थापन विभाग | (३१) मानव अधिकार विभाग |
| (१४) विकास योजना तथा नीति तर्जुमा विभाग | (३२) सहकारी विभाग |
| (१५) तथ्यांक, अनुसन्धान तथा अभिले खीकरण विभाग | (३३) वन, वातावरण तथा प्राकृतिक स्रोत विभाग |
| (१६) विधेयक मन्थन विभाग | (३४) नवप्रवर्तन तथा स्टार्टअप विभाग |
| (१७) गैरआवासीय नेपाली सम्पर्क विभाग | (३५) जनसम्पर्क विभाग |
| (१८) सार्वजनिक लेखा समीक्षा विभाग | |

(५) पार्टीको केन्द्रीय समितिले आवश्यकता अनुसार विभागहरु थपघट वा मिलान गर्न सक्नेछ । साथै प्रदेश र पालिकामा गठन गर्ने विभागहरुको केन्द्रीय समितिले तय गर्ने छ ।

(६) विषयगत विभाग सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाउने नियमावली बमोजिम हुनेछ ।

## भाग - १२
## सल्लाहकार परिषद्

### ४५. सल्लाहकार परिषद्

(१) केन्द्रीय समितिले आफ्नो समितिको संख्या नबढ्ने गरी सल्लाहकार परिषद् गठन गर्न सक्नेछ ।

(२) सल्लाहकार परिषद्को मर्यादा केन्द्रीय समितिका सदस्य सरह हुनेछ ।

(३) सल्लाहकार परिषद्को बैठक आवश्यकता अनुसार पार्टी सभापतिले बोलाउने छन् र आवश्यकता अनुसार केन्द्रीय सदस्यहरुलाई बैठकमा उपस्थिति र छलफलका लागि बोलाउन सक्नेछन् ।

(४) पार्टीको केन्द्र बाहेकका अन्य सबै तहको समितिले सल्लाहकार समिति गठन गर्न सक्नेछ । सल्लाहकार समिति सदस्यहरुको मर्यादा सम्बन्धित तहको समितिका पदाधिकारी सरह हुनेछ ।

(५) सबै तहको सल्लाहकार सम्बन्धी थप व्यवस्था कार्यविधिमा तोके बमोजिम हुनेछ ।

## भाग - १३
## अनुशासन आयोग, लेखा आयोग तथा निर्वाचन आयोग

### ४६. केन्द्रीय अनुशासन आयोग

(१) महाधिवेशन पछिको पहिलो केन्द्रीय परिषद्ले प्रमुख १, उपप्रमुख १, सचिव १ र बाँकी सदस्यहरु रहने गरी कुल ११ सदस्यीय केन्द्रीय अनुशासन आयोग गठन गर्नेछ ।

(२) आयोगका प्रमुख, उपप्रमुख र सचिवको मर्यादा पार्टी सचिवालय समितिका सदस्यहरु सरह हुनेछ र अन्य सदस्यहरुको मर्यादा केन्द्रीय सदस्य सरह हुनेछ ।

(३) आयोग केन्द्रीय परिषद्प्रति उत्तरदायी हुनेछ ।

(४) आयोगका पदाधिकारी र सदस्यहरु पार्टीका अन्य कुनै समिति, आयोग, विभाग वा संयन्त्रको सदस्य हुने छैनन् ।

(५) आयोगका पदाधिकारी एवम् सदस्यहरुले पदमा बहाल रहेको ६ महिनासम्म पार्टीको अन्य आन्तरिक निर्वाचनमा वा प्रारम्भिक निर्वाचनमा उम्मेदवार बन्न पाउने छैनन् तथापि केन्द्रीय समितिले निर्णय गरे आयोगका कुनै पनि पदाधिकारी एवम् सदस्यहरुलाई पार्टीको अन्य आन्तरिक निर्वाचनमा वा प्रारम्भिक निर्वाचनमा उम्मेदवार बन्न बाधा पर्ने छैन ।

(६) आयोगको नियमावली बमोजिम प्रदेश अनुशासन आयोग प्रदेश अधिवेशन पछिको पहिलो प्रदेश परिषद् तथा जिल्ला अनुशासन आयोग जिल्ला अधिवेशन पछिको पहिलो जिल्ला परिषद्ले गठन गर्नेछ ।

**(७) केन्द्रीय अनुशासन आयोगको काम, कर्तव्य र अधिकार**

(क) पार्टीको केन्द्रीय निकायका पदाधिकारी वा सदस्य लगायत सबै तहका पार्टीका समिति, विभाग, आयोग वा संयन्त्रका पदाधिकारी एवम् सदस्यले पार्टी निर्णय, निर्देशन र अनुशासनको पालना गरे नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न गराउन सम्बन्धित निकाय वा सदस्यलाई निर्देशन दिने ।

(ख) पार्टीको कुनै पनि तहका समिति, विभाग, आयोग वा संयन्त्रका सदस्य उपर पार्टी निर्णय विपरितका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा छानबिन गर्ने र नियमावली बमोजिम कारवाही गर्ने ।

(ग) पार्टीको केन्द्रीय समिति वा सो सरहको समिति, प्रदेश समिति वा सो सरहको समितिका पदाधिकारी एवम् सदस्यहरु, पार्टीको तर्फबाट नियुक्ति भएका पदाधिकारीहरु, केन्द्रीय अनुशासन आयोगका पदाधिकारी एवम् सदस्यहरु, पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुको सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने र आवश्यकता अनुसार छानबिन गर्ने ।

(घ) आफ्नो कामको प्रतिवेदन केन्द्रीय समिति तथा केन्द्रीय परिषद्मा प्रस्तुत गर्ने ।

(ङ) आयोगले आफ्नो कार्यसम्पादन कार्यविधि आफैँ बनाउनेछ ।

(८) आयोगका अन्य सदस्यले आयोगको प्रमुखलाई र प्रमुखले केन्द्रीय समितिलाई राजीनामा दिने ।

(९) केन्द्रीय समितिको दुई तिहाइ बहुमतले आयोगका पदाधिकारी एवम् सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ ।

(१०) केन्द्रीय अनुशासन आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा केन्दीय समितिले केन्द्रीय परिषद् नबस्दासम्मका लागि रिक्त पद पूर्ति गर्नेछ ।

(११) केन्द्रीय अनुशासन आयोग एवम् अनुशासनात्मक कारवाही सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ ।

(१२) आयोगका पदाधिकारी र सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ । आयोगका पदाधिकारी र सदस्यहरुको पदावधि ४ वर्ष कटेपछि केन्द्रीय परिषद् बसेमा केन्द्रीय परिषद्को निर्णय बमोजिम त्यस्ता सदस्यहरुको कार्यकाल समाप्त भएको मानिनेछ ।

(१३) प्रदेश अनुशासन आयोग र जिल्ला अनुशासन आयोगको काम, कर्तव्य अधिकार नियमावलीमा उल्लेख भए बमोजिमको हुनेछ ।

## ४७. अनुशासनात्मक कारवाहीको प्रक्रिया

(१) पार्टीको कुनै पनि तहका समिति, विभाग, आयोग वा संयन्त्रका सदस्य उपर पार्टी निर्णय विपरितका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा केन्द्रीय अनुशासन आयोगले छानबिन गर्नेछ ।

(२) छानबिनको क्रममा केन्द्रीय अनुशासन आयोगले गुनासो सुनुवाइ गर्नेछ ।

(३) पार्टीको केन्द्रीय समिति वा सो सरहको समितिका पदाधिकारी एवम् सदस्य, प्रदेश पदाधिकारी एवम प्रदेश आयोगका पदाधिकारीहरुको हकमा छानबिन प्रतिवेदनसहित आवश्यक भए सदस्यता निलम्बन वा खारेजीसम्मको कारवाहीको सिफारिस सहित केन्द्रीय अनुशासन आयोगलले केन्द्रीय समितिलाई सिफारिस पठाउनेछ र त्यस्तो सिफारिस उपर केन्द्रीय समितिले आवश्यक कारवाहीको निर्णय गर्नेछ । अन्य तहका समिति, विभाग, आयोग वा संयन्त्रका पदाधिकारी एवम् सदस्यको हकमा केन्द्रीय अनुशासन आयोगलले सदस्यता निलम्बनसम्म गर्न सक्नेछ। सदस्यता खारेजी गर्नुपर्ने भएमा केन्द्रीय अनुशासन आयोगले सदस्यता खारेजीसम्मको कारवाही सहितको सिफारिस केन्द्रीय समितिमा पठाउनु पर्नेछ र त्यस्तो सिफारिस उपर केन्द्रीय समितिले अन्तिम निर्णय गर्नेछ ।

(४) केन्द्रीय समितिले सदस्यता खारेजी गर्नुपूर्व स्पष्टीकरण सहित सफाई पेश गर्ने मौका दिनेछ ।

(५) केन्द्रीय समिति वा केन्द्रीय अनुशासन आयोगलले सदस्यता निलम्बन गर्नुपूर्व स्पष्टीकरण सहित सफाई पेश गर्ने मौका दिनेछ तथापि तत्काल कारवाही गर्ने परिस्थिति आए अल्पकालीन रुपमा सदस्यता निलम्बन गरी छानबिन गर्नेछ ।

(६) विशेष परिस्थितिमा केन्द्रीय समितिले अनुशासन आयोगको क्षेत्राधिकार ग्रहण गरी समितिको तत्काल बसेको बैठकको दुई तिहाईले कुनैपनि पदाधिकारी तथा सदस्य उपर अनुशासनात्मक कारवाहीको लागि सबै प्रक्रिया अवलम्बन गरी आवश्यक कारवाही गर्न सक्नेछ ।

(७) केन्द्रीय समितिले कुनै पनि बेला कारवाही बदर वा संशोधन गर्न सक्नेछ ।

## ४८. केन्द्रीय लेखा आयोग

(१) राष्ट्रिय महाधिवेशन पछिको पहिलो केन्द्रीय परिषदले प्रमुख १, उपप्रमुख १, सचिव १ र बाँकी सदस्यहरु रहने गरी कुल ११ सदस्यीय केन्द्रीय लेखा आयोग गठन गर्नेछ।

(२) आयोगका प्रमुख, उपप्रमुख र सचिवको मर्यादा पार्टी सचिवालय समितिका सदस्यहरु सरह हुनेछ र अन्य सदस्यहरुको मर्यादा केन्द्रीय सदस्य सरह हुनेछ।

(३) आयोग परिषद्प्रति उत्तरदायी हुनेछ।

(४) आयोगका पदाधिकारी र सदस्यहरु पार्टीका अन्य कुनै समिति, आयोग, विभाग वा संयन्त्रको सदस्य हुने छैनन्।

(५) आयोगका पदाधिकारी र सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ। आयोगका पदाधिकारी र सदस्यहरुको पदावधि ४ वर्ष कटेपछि केन्द्रीय परिषद् बसेमा केन्द्रीय परिषद्को निर्णय बमोजिम त्यस्ता सदस्यहरुको कार्यकाल समाप्त भएको मानिनेछ।

(६) आयोगका अन्य सदस्यले आयोगको प्रमुखलाई र प्रमुखले केन्द्रीय समितिलाई राजीनामा दिने।

(७) केन्द्रीय समितिको दुईतिहाइ बहुमतले आयोगका पदाधिकारी एवम् सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ।

(८) आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा केन्दीय समितिले केन्द्रीय परिषद् नबस्दासम्मका लागि रिक्त पद पूर्ति गर्नेछ।

(९) प्रदेश लेखा आयोग प्रदेश अधिवेशन पछिको पहिलो प्रदेश परिषदले गठन गर्न सक्नेछ।

(१०) केन्द्रीय लेखा आयोगसम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ।

**(११) केन्द्रीय लेखा आयोगका काम, कर्तव्य र अधिकार**

केन्द्रीय आयोगका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) कोषाध्यक्षले राखेको आय र व्ययको वार्षिक विवरणको लेखा परीक्षण गराउने ।

(ख) केन्द्रीय समितिको आय व्ययको नियमित अनुगमन र वार्षिक रुपमा लेखा परीक्षण गराउने ।

(ग) आवश्यकता अनुसार लेखा परीक्षण विज्ञहरु नियुक्त गरी छलफल गरी लेखा परीक्षण प्रतिवेदन तयार पारी कार्यान्वयनका लागि केन्द्रीय समितिमा प्रस्तुत गर्नेछ ।

(घ) पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रको आवश्यकता अनुसार लेखापरीक्षण गराउने ।

(ङ) केन्द्रीय समितिलाई आवश्यकता अनुसार लेखा, कोष तथा अर्थसम्बन्धी सल्लाह सुझाव दिने र केन्द्रीय समितिको निर्देशन अनुसार कार्यान्वयन गर्ने र गराउने ।

(च) लेखा, कोष तथा अर्थ सम्बन्धी नियमावली बनाई कार्यान्वयनका लागि प्रस्तुत गर्ने ।

(छ) आफ्नो कामको प्रतिवेदन केन्द्रीय समिति र केन्द्रीय परिषद्मा प्रस्तुत गर्ने ।

## ४९. केन्द्रीय निर्वाचन आयोग

(१) राष्ट्रिय महाधिवेशन पछिको पहिलो केन्द्रीय परिषदले प्रमुख १, उपप्रमुख १, सचिव १ र बाँकी सदस्यहरु रहने गरी कुल ११ सदस्यीय केन्द्रीय निर्वाचन आयोग गठन गर्नेछ ।

(२) आयोगका प्रमुख, उपप्रमुख र सचिवको मर्यादा पार्टी सचिवालय समितिका सदस्यहरु सरह हुनेछ र अन्य सदस्यहरुको मर्यादा केन्द्रीय सदस्य सरह हुनेछ ।

(३) आयोग केन्द्रीय परिषद्प्रति उत्तरदायी हुनेछ ।

(४) आयोगका पदाधिकारी र सदस्यहरु पार्टीका अन्य कुनै समिति, आयोग, विभाग वा संयन्त्रको सदस्य हुने छैनन्।

(५) आयोगका पदाधिकारी र सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ । आयोगका पदाधिकारी र सदस्यहरुको पदावधि ४ वर्ष कटेपछि

केन्द्रीय परिषद् बसेमा केन्द्रीय परिषद्को निर्णय बमोजिम त्यस्ता सदस्यहरुको कार्यकाल समाप्त भएको मानिनेछ ।

(६) आयोगका अन्य सदस्यले आयोगको प्रमुखलाई र प्रमुखले केन्द्रीय समितिलाई राजीनामा दिने ।

(७) केन्द्रीय समितिको दुई तिहाई बहुमतले आयोगका पदाधिकारी एवम् सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ ।

(८) आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा केन्द्रीय समितिले केन्द्रीय परिषद् नबस्दासम्मका लागि रिक्त पद पूर्ति गर्नेछ ।

(९) प्रदेश निर्वाचन आयोग प्रदेश अधिवेशन अगाडिको प्रदेश परिषद्ले गठन गर्नेछ ।

(१०) केन्द्रीय निर्वाचन आयोग सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ ।

**(११) केन्द्रीय निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार**

केन्द्रीय निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) राष्ट्रिय महाधिवेशनमा विधानले तोके बमोजिम निर्वाचन गर्ने, गराउने ।

(ख) प्रदेश अधिवेशनमा विधानले तोके बमोजिम निर्वाचन गर्ने ।

(ग) जिल्ला अधिवेशनमा विधानले तोके बमोजिम निर्वाचन गर्ने ।

(घ) पालिका र वडा अधिवेशनमा विधानले तोके बमोजिम निर्वाचन गर्ने ।

(ङ) पार्टीको सबै तहको प्रारम्भिक निर्वाचन गर्ने ।

(च) विधानमा तोकिए बमोजिम कार्यहरु गर्ने ।

## भाग - १४
## योग्यता, पद रिक्त, पद मुक्त तथा पदपूर्ति

### ५०. समितिका सदस्य वा पदाधिकारको योग्यता

पार्टीको कुनै पनि तहको सदस्य वा पदाधिकारी बन्न पार्टीको सक्रिय सदस्य भएको हुनुपर्नेछ तर यो व्यवस्था पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन पश्चात लागू हुनेछ ।

### ५१. पद रिक्त हुने अवस्था

(१) पार्टीको कुनै पनि तहको मनोनीत पदाधिकारी र सदस्यलाई मनोनीत गर्ने व्यक्ति वा निकायले हटाए वा जिम्मेवारी हेरफेर गरे पद रिक्त हुनेछ ।

(२) पार्टीको सम्पूर्ण निकायको कुनै पनि तह, समिति वा विभागको सदस्य वा पदाधिकारीको पार्टी सदस्यता धारा १४ बमोजिम समाप्त भएको अवस्थामा सो पद रिक्त हुनेछ ।

(३) पार्टीको कुनै पनि तहको निर्वाचित सदस्यलाई निर्वाचित गर्ने निकायको मनासिब कारण सहित दुई तिहाई बहुमतले पदमुक्त गरेमा सो पद रिक्त हुनेछ ।

(४) पार्टीको सम्बन्धित समिति र विभाग र संयन्त्रमा रहेका पदाधिकारी र सदस्यहरु सम्बन्धित समितिको बैठकमा बिना सूचना वा सूचना दिने तर दिएको सूचना मनासिब नदेखिएमा वा सम्बन्धित तहको सम्बन्धित समिति र विभाग र संयन्त्रलाई अवहेलना गर्दै नियमित ३ पटक वा ३ पटक बैठक बस्ने अवधिभित्रका बैठकहरुमा अनुपस्थित रहेमा सम्बन्धित समिति र विभाग र संयन्त्रले मनासिब ठानेमा स्पष्टीकरण मार्फत् सफाईको मौका दिई उपल्लो समितिको सहमतिमा पद मुक्त गर्न सक्नेछ । केन्द्रीय समितिको सदस्यको हकमा केन्द्रीय समितिले पदमुक्त गर्न सक्नेछ । यसरी पदमुक्त गरेमा सो पद रिक्त हुनेछ ।

(५) पार्टीको विधान, नियमावली, कार्यविधि र सम्बन्धित समितिर विभाग र संयन्त्रले तोकेर दिएको जिम्मेवारी पूरा नगर्ने, कार्यसम्पादन मुल्याङ्कन कमजोर हुने र परिणाममुखी नहुने

सदस्यहरुको हकमा सम्बन्धित समितिले स्पष्टीकरण मार्फत् सफाईको मौका दिई उपल्लो समितिको सहमतिमा पदमुक्त गर्न सक्नेछ । केन्द्रीय समितिको सदस्यको हकमा केन्द्रीय समितिले पदमुक्त गर्न सक्ने छ । यसरी पद मुक्त गरेमा सो पद रिक्त हुनेछ ।

## ५२. पार्टी पदाधिकारी तथा सदस्यहरु पदमुक्त हुने अवस्था

(१) केन्द्रीय समितिका निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई पार्टीको चल अचल सम्पत्ति दुरुपयोग वा अपचलन गरेमा, गंभिर नैतिक पतन हुने फौजदारी अभियोग लागेमा, कार्यसम्पादन मुल्याङ्कनमा चरम असक्षमता देखिएमा, पार्टी हित विपरित गतिविधिमा संलग्न रहेको देखिएमा केन्द्रीय समितिले अध्ययन अनुसन्धान गर्दा महाअभियोग लगाउनु पर्ने देखिएमा केन्द्रीय समितिको प्रस्तावमा केन्द्रीय परिषद्को दुई तिहाइ बहुमतले महाअभियोग प्रस्ताव पारित गरी पदमुक्त गर्न सक्नेछ । महाअभियोग लागेको व्यक्तिलाई सफाईको मौका दिईने छ ।

(२) निजको मृत्यु भएमा ।

(३) निजले राजीनामा दिएमा ।

(४) पार्टीको सदस्य हुने योग्यता गुमेमा ।

(५) पार्टीका सम्पूर्ण सदस्यहरुको बहुमत सदस्यले पार्टी सभापतिलाई तोकिए बमोजिम फिर्ता बोलाएमा ।

(६) अनुशासनात्मक कारवाही गरी बर्खास्त भएमा ।

## ५३. पदपूर्ति सम्बन्धी व्यवस्था

पार्टीको कुनै पनि तहको पद कुनै पनि कारणले रिक्त हुन गएमा देहाय बमोजिम पदपूर्ति गरिनेछ :

(१) मनोनीत सदस्यहरुको हकमा सोही प्रक्रियाबाट मनोनयन गरिनेछ ।

(२) महाधिवेशन वा अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को महाधिवेशन वा अधिवेशनको बीचमा केन्द्रीय समिति, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, प्रदेश समिति, जिल्ला समिति, पालिका समिति तथा वडा समितिको कुनै पनि पद रिक्त

भएमा सम्बन्धित तहको परिषद्ले आफूहरुमध्येबाट वा योग्यता पुगेको पार्टी सदस्यहरुमध्येबाट पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ । यसरी निर्वाचित भएका पदाधिकारीको कार्यकाल बाँकी अवधिको लागि मात्र हुनेछ ।

(३) पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको पद कुनै पनि कारणले रिक्त हुन गएमा ६ महिनाभित्र सम्बन्धित तहको परिषद्ले पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको निर्वाचन गर्नेछ । पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिका लागि योग्यता एवम् निर्वाचन प्रक्रिया सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन बमोजिम नै हुनेछ तर मतदाता भने सम्बन्धित तहका परिषद् सदस्यहरु मात्र हुनेछ । यसरी निर्वाचित भएका पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको कार्यकाल बाँकी अवधिको लागि मात्र हुनेछ । महाधिवेशन हुन १ वर्ष र अन्य तहको अधिवेशन हुन ६ महिना बाँकी रहेको अवस्थामा नयाँ नेतृत्व छनौट गरिरहन पर्ने छैन ।

(४) उपधारा ३ बमोजिम पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको पद रिक्त भइ निर्वाचन सम्पन्न नहुञ्जेल पार्टी उपसभापति, प्रदेश उपसभापति, जिल्ला उपसभापति, पालिका उपसभापति वा वडा उपसभापतिले कार्यवाहक सभापतिको जिम्मेवारीमा कार्यसम्पादन गर्नेछन् । उपसभापति पदमा एकभन्दा बढी सदस्य जिम्मेवारीमा रहे महाधिवेशन वा अधिवेशनमा बढी मत ल्याउने उपसभापतिले कार्यवाहक सभापतिको जिम्मेवारीमा कार्यसम्पादन गर्नेछन् । यदि कुनै कारणवश उपसभापति पनि अनुपस्थित रहेमा सम्बन्धित तहको उमेरले ज्येष्ठ सदस्यले कार्यवाहक सभापतिको जिम्मेवारीमा कार्यसम्पादन गर्नेछन् ।

## भाग - १५
## तहगत कार्यालय

### ५४. केन्द्रीय कार्यालय

(१) केन्द्रीय कार्यालय सचिव

पार्टीको केन्द्रीय कार्यालय सञ्चालन गर्न केन्द्रीय समितिले तोकिएको योग्यता पुगेका नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताबाट कार्यालय सचिवको नियुक्ति गर्नेछ । केन्द्रीय कार्यालयका अन्य सबै कर्मचारी कार्यालय सचिव मातहत र हनेछन् । कार्यालय सचिवले तोके बमोजिम कार्य गर्ने छन् । कार्यालय सचिव र मातहतका कर्मचारीको सेवा, शर्त तथा सुविधाहरु केन्द्रीय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) केन्द्रीय कार्यालय सचिवको अधिकार र कर्तव्य

(क) पार्टीका समिति, विभाग, आयोग र अन्य संयन्त्र बीच सम्पर्क तथा समन्वय गर्ने ।

(ख) केन्द्रीय तहमा आयोजना हुने बैठक तथा कार्यक्रमहरुको व्यवस्थापन गर्ने ।

(ग) पार्टीको दैनिक कार्यसञ्चालन तथा अन्य अभिलेखीकरण लगायत सम्पूर्ण समन्वयात्मक कार्यहरु गर्ने र पार्टी पदाधिकारीलाई जिम्मेवारी पूरा गर्न निर्देशन अनुसार कार्य गर्ने ।

(घ) केन्द्रीय समिति र केन्द्रीय समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

(३) पार्टीको कार्यालय सञ्चालन र व्यवस्थापन पार्टीको प्रशासनिक नियमावली अनुसार हुनेछ ।

### ५५. प्रदेश, जिल्ला र पालिका कार्यालय

(१) पार्टीको केन्द्रीय कार्यालय मातहत रहने गरी विधानले तोके बमोजिम तहको दैनिक कार्यसञ्चालन तथा अन्य अभिलेखीकरण लगायत सम्पूर्ण समन्वयात्मक कार्यहरु गर्न सम्बन्धित तहको

रेखदेखमा प्रदेश, जिल्ला र पालिका कार्यालयहरु रहनेछन् ।

(२) पार्टीको प्रदेश, जिल्ला र पालिका कार्यालयहरु सञ्चालन र व्यवस्थापन पार्टीको प्रशासनिक नियमावली अनुसार हुनेछ ।

## भाग - १६
## पुनरावेदन

**५६. पुनरावेदन सम्बन्धी प्रक्रिया**

(१) तल्लो तहको अनुशासन आयोगले आफुलाई गरेको कारवाही चित्त नबुझेमा माथिल्लो अनुशासन आयोगमा पुनरावेदन गर्न सक्नेछ । केन्द्रीय अनुशासन आयोगले पार्टी सदस्यलाई आफूलाई गरिएको कारवाही चित्त नबुझेमा पुनरावेदन समितिमा पुनरावेदनका लागि निवेदन दिनुपर्नेछ ।

(२) प्राप्त निवेदन उपर पुनरावेदन समितिले छानबिन गरी आफ्नो राय तथा सिफारिस सहितको प्रतिवेदन पार्टी सभापतिलाई पठाउनेछ र त्यस्तो सिफारिसका आधारमा पार्टी सभापतिद्वारा अन्तिम निर्णयका लागि केन्द्रीय समितिमा प्रस्ताव पेश गरिनेछ ।

**(३) पुनरावेदन समिति गठन**

केन्द्रीय समितिले पार्टी सभापतिको प्रस्तावमा १ जना प्रमुख, १ जना उपप्रमुख र १ जना सचिव सहितको कूल ५ जनाको पुनरावेदन समिति गठन गर्नेछ ।

**(४) पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार**

(क) पुनरावेदन समितिमा पुनरावेदनका लागि परेको निवेदन उपर छानबिन गरी राय तथा सिफारिस सहितको प्रतिवेदन पार्टी सभापतिलाई पठाउने ।

(ख) समितिले प्राप्त निवेदन उपर छानबिनको क्रममा गुनासोको पुनः सुनुवाइ गर्न सक्नेछ ।

(ग) पुनरावेदन समितिको पुनरावेदन सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ ।

## भाग - १७
## पार्टीको कोष तथा लेखा परीक्षण

### ५७. पार्टी कोष

(१) पार्टीको कोष देहाय बमोजिम हुनेछ ।

(क) सदस्यता शुल्कबाट सङ्कलित रकम ।

(ख) पार्टी सदस्य वा सदस्य नभएकाहरुबाट प्राप्त स्वेच्छिक नगद वा जिन्सीको दान । (नियमित दान वा सहयोग गर्नेलाई पार्टी पिलरको रुपमा पहिचान गरिनेछ । पार्टी पिलरको योगदानको बारेमा आर्थिक व्यवस्थापन विभागको कार्यविधि अनुसार हुनेछ ।)

(ग) प्रकाशन बिक्री वितरणबाट प्राप्त आय ।

(घ) पार्टीको सम्पत्ति परिचालनबाट प्राप्त आय ।

(ङ) विशेष अभियान वा कार्यक्रमबाट सङ्कलित आय ।

(च) पार्टीको आन्तरिक र प्रारम्भिक निर्वाचनका क्रममा उम्मेदवारले बुझाउने तोकिए बमोजिमको उम्मेदवारी शुल्क ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपालको कानुनले राजनीतिक दललाई अर्थ सङ्कलन र व्यवस्थापनमा निर्दिष्ट गरेको कानुनको अधीनमा रही मात्र कार्य गरिनेछ ।

### ५८. पार्टीको कोषको सञ्चालन तथा व्यवस्थापन

(१) आर्थिक कोष सञ्चालनको प्रयोजनका लागि केन्द्रीय, प्रदेश, जिल्ला र पालिका स्तरमा तोकिए बमोजिम विभागहरु रहनेछन् ।

(२) पार्टीको प्रत्येक तहमा हुने नगद, आय-व्ययको व्यवस्थापन र पारदर्शिताका निम्ति बैंक खाता सञ्चालन गरिनेछ र जो सम्बन्धित तहको समितिको निर्णयबाट मुख्य पदाधिकारीको दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) पार्टीको कोषको व्यवस्थापन र सञ्चालन पार्टीको आर्थिक नियमावली अनुसार हुनेछ । वार्षिक रुपमा लेखापरीक्षण गराई

आफ्नो तहको अधिवेशन तथा भेलामा पेश गर्नेछन् ।

(४) पार्टीको नाममा भएका चल अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा केन्द्रीय समितिको स्वामित्व हुनेछ ।

(५) केन्द्रीय समितिको लिखित अनुमतिबिना लिएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही हुने छैन ।

## ५९. लेखापरीक्षण

(१) पार्टीका सबै निकायको आय र व्ययको वार्षिक विवरणको लेखापरीक्षण गरिनेछ ।

(२) पार्टीको आय र व्ययको वार्षिक विवरणको राजनीतिक दल सम्बन्धी ऐन बमोजिमको ढाँचामा राखिनेछ र जिम्मेवार पदाधिकारी मार्फत् राष्ट्रिय निर्वाचन आयोगमा पेश गरिनेछ ।

(३) केन्द्रीय लेखा आयोगले लेखा परीक्षक नियुक्त गरी पारिश्रमिक समेत तोक्नेछ ।

(४) राजनीतिक दल सम्बन्धी ऐन बमोजिम तोकिएको अवधिभित्र लेखापरीक्षण गराइनेछ ।

(५) लेखापरीक्षणको प्रतिवेदन राष्ट्रिय निर्वाचन आयोगलाई बुझाइनेछ ।

(६) लेखापरीक्षणको प्रतिवेदन सार्वजनिक गरिनेछ ।

# भाग -१८
# बैठक र निर्णय

## ६०. बैठक बोलाउने तथा निर्णय गर्ने सम्बन्धी व्यवस्था

(१) हरेक तहगत समिति, विभाग, आयोग लगायत अन्य संयन्त्रको बैठक बोलाउने तथा त्यसको नेतृत्व गर्ने अधिकार उक्त निकायको प्रमुखलाई हुनेछ । प्रमुखको अनुपस्थितिमा प्रमुखले तोकेको उपप्रमुखलाई हुनेछ ।

(२) हरेक तहगत परिषद्, समिति, विभाग, आयोग लगायत अन्य संयन्त्रले निर्णय गर्दा बहुमतको आधारमा वा यस विधानमा

उल्लेख गरिए बमोजिम हुनेछ ।

**(३) विधानमा उल्लिखित समितिको बैठक देहाय बमोजिम बस्नेछ :**

(क) वडा समितिको बैठकः २ महिनामा न्यूनतम १ पटक

(ख) पालिका समितिको बैठकः ३ महिनामा न्यूनतम १ पटक

(ग) निर्वाचन क्षेत्र समिति बैठकः ६ महिनामा न्यूनतम १ पटक

(घ) जिल्ला समितिको बैठकः २ महिनामा न्यूनतम १ पटक

(ङ) प्रदेश समितिको बैठकः ३ महिनामा न्यूनतम १ पटक

(च) केन्द्रीय समितिको बैठकः ४ महिनामा न्यूनतम १ पटक

(४) उपधारा १ बमोजिम निकायका प्रमुखले उपधारा ३ बमोजिम तोकिएको समयमा बैठक नबोलाएमा उक्त निकायका एक चौथाइ सदस्यले लिखित निवेदन दिई बैठकको माग गर्न सक्नेछ । लिखित निवेदनसहित बैठकको माग भई आएको १५ दिनभित्र निकायका प्रमुखले अनिवार्य बैठक बोलाउनु पर्ने हुन्छ । यदि बैठक नबोलाइएमा निकायको दुई तिहाई सदस्यहरुको बैठक बस्न सक्नेछ । यसरी विशेष परिस्थितिमा बसेको बैठकको अध्यक्षता निकायका उपप्रमुख तथा उपप्रमुख पनि नभएमा उपस्थितहरुमध्ये सबैभन्दा कान्छो सदस्यको अध्यक्षतामा बैठक बस्नेछ । बैठकमा कम्तीमा दुई तिहाई सदस्य उपस्थित नभएमा बैठकले मान्यता पाउने छैन ।

### ६१. गणपुरक संख्या

पार्टीका सबै तहका निकायहरुका बैठकको गणपूरक संख्या तत्काल कायम रहेको कुल संख्याको बहुमत हुने संख्यालाई मानिनेछ ।

## भाग - १९
## लिडरसीप एकेडेमी र उमेदवार क्लब

### ६२. लिडरसीप एकेडेमी

(१) राज्यका कुनै पनि तहको निर्वाचनमा पार्टीको तर्फबाट

उम्मेदवार हुने पार्टी सदस्यहरुलाई प्रशिक्षण तथा परीक्षण गरी नेतृत्व क्षमता विकास गर्ने उद्देश्यले केन्द्रीय समितिले एक लिडरसीप एकेडेमी गठन गर्नेछ ।

(२) लिडरसीप एकेडेमी केन्द्रीय परिषद् तथा केन्द्रीय समितिप्रति उत्तरदायी हुनेछ ।

(३) लिडरसीप एकेडेमी गठन तथा सञ्चालन नियमावली अनुसार हुनेछ ।

## ६३. उम्मेदवार क्लब

(१) पार्टीको तर्फबाट राज्यको सबै तहको निर्वाचनमा उम्मेदवारी दिन इच्छुक व्यक्तिहरुको तोकिए बमोजिम सम्बन्धित तहमा उम्मेदवार क्लब हुनेछ ।

(२) उम्मेदवार क्लब गठन, अभिलेखीकरण, सञ्चालन, प्रशिक्षण र परीक्षण सम्बन्धी अन्य व्यवस्था नियमावली वा केन्द्रीय समितिले तोके बमोजिम हुनेछ ।

(३) तोकिएको समयमा प्रशिक्षण र परीक्षणका चरण पार नगरेमा उम्मेदवार क्लबको सदस्य रहने छैन ।

# भाग - २०

# प्रारम्भिक निर्वाचन (उम्मेदवार छनोट) र निर्वाचित जनप्रतिनिधि

## ६४. उम्मेदवारको योग्यता

देहाय बमोजिम योग्यता पुगेका पार्टीका सदस्यहरु पार्टीको तर्फबाट राज्यको कुनै पनि तहको पदमा उम्मेदवार हुन योग्य मानिनेछ :

(१) प्रचलित कानुन बमोजिम उम्मेदवार हुने योग्यता भएको ।

(२) पार्टीको केन्द्रीय अनुशासन तथा आचरण समितिलाई सम्पत्ति विवरण बुझाएको ।

(३) प्रहरी रिपोर्ट पेश गरेको ।

(४) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार प्रसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी,

सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर, हत्या सम्बन्धी कसूर वा नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसूरमा सजाय भुक्तान गरेको १ वर्षभन्दा बढी अवधि पूरा गरेको ।

(५) पार्टीको केन्द्रीय समितिले जारी गरेको प्रतिबद्धता पत्रप्रति प्रतिबद्ध रहेको ।

(६) अन्य राजनीतिक पार्टी त्याग गरेको ।

## ६५. प्रारम्भिक निर्वाचन

(१) राज्यको कुनै पनि तहको पदमा उम्मेदवार छनोट गर्न देहाय बमोजिम निर्वाचन मण्डल गठन गरिनेछः

(क) वडा सदस्य र वडा अध्यक्ष निर्वाचन : सम्बन्धित वडामा मतदाता ठेगाना भएका पार्टीका सदस्यहरु ।

(ख) पालिका प्रमुख, उपप्रमुख निर्वाचन : सम्बन्धित पालिकामा मतदाता ठेगना भएका पार्टीका सदस्यहरु ।

(ग) प्रदेश सभा प्रत्यक्ष निर्वाचन सदस्य : सम्बन्धित प्रदेश प्रत्यक्ष निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका सदस्यहरु ।

(घ) प्रदेश सभा समानुपातिक निर्वाचन : सम्बन्धित प्रदेशमा मतदाता ठेगाना भएका पार्टीका सदस्यहरु ।

(ङ) प्रतिनिधि सभा प्रत्यक्ष निर्वाचन : सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका सदस्यहरु ।

(च) प्रतिनिधि सभा समानुपातिक निर्वाचन : पार्टीका सम्पूर्ण पार्टी सदस्यहरु ।

(२) उपधारा (१) बमोजिम गठन हुने निर्वाचन मण्डलमा मतदाता सदस्यहरुको अन्तिम नामावली केन्द्रीय निर्वाचन आयोगले तोके बमोजिम हुनेछ । अन्तिम नामावली प्रारम्भिक निर्वाचन हुने कम्तीमा ७ दिन अघि प्रकाशन गर्नु पर्नेछ ।

(३) उपधारा (१) बमोजिम गठन हुने निर्वाचन मण्डलको संख्या,

राष्ट्रिय निर्वाचन आयोगले अघिल्लो निर्वाचनमा सार्वजनिक गरेको सम्बन्धित क्षेत्रको कुल मतदाता संख्याको १ प्रतिशत भन्दा कम रहे निर्वाचन मण्डल गठन भएको मानिने छैन र सम्बन्धित क्षेत्रको उम्मेदवार केन्द्रीय समितिले छनोट गर्नेछ ।

(४) केन्द्रीय निर्वाचन आयोगले प्रारम्भिक निर्वाचनको प्रक्रिया गर्नेछ ।

(५) प्रारम्भिक निर्वाचनका लागि केन्द्रीय समितिले प्रारम्भिक निर्वाचन नियमावली बनाउनेछ र केन्द्रीय समिति तथा केन्द्रीय निर्वाचन आयोगले तोकिए बमोजिम सो कार्यान्वयन गर्नेछन् ।

(६) प्रारम्भिक निर्वाचनमा विजयी उम्मेदवार पार्टीको तर्फबाट (स्थानीय तह, प्रदेश वा प्रतिनिधि सभा निर्वाचनमा) सम्बन्धित क्षेत्रको उम्मेदवार हुनेछ ।

(७) प्रारम्भिक निर्वाचनमा सहभागी भएका उम्मेदवार भन्दा फरक उम्मेदवार बनाउन पर्ने भएमा प्रारम्भिक निर्वाचनमा निर्वाचित र सहभागी उम्मेदवारहरुको सहमतिमा केन्द्रीय समिति वा केन्द्रीय समितिबाट अधिकार प्राप्त निकायले मात्र फेरबदल गर्न सक्नेछ ।

## भाग - २१
## संसदीय दल

### ६६. संघीय संसदीय दल (प्रतिनिधि सभा र राष्ट्रिय सभा), प्रदेश सभा संसदीय दल, स्थानीय तह दल

(१) संघीय संसद वा प्रदेश सभाको निर्वाचनमा दलको तर्फबाट निर्वाचित प्रत्येक सदस्यहरु संसदीय दलको सदस्य रहने गरी संघीय (प्रतिनिधिसभा र राष्ट्रिय सभा) तथा प्रदेश संसदीय दल गठन गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको संघीय तथा प्रदेश संसदीय दलमा देहाय अनुसार पदाधिकारीहरु रहनेछन् :

(क) संसदीय दलको नेता १ जना

(ख) संसदीय दलको उपनेता १ जना

(ग) प्रमुख सचेतक १ जना र सचेतक १ जना

(घ) कोषाध्यक्ष १ जना

(३) दलको संघीय तथा प्रदेश संसदीय दल सम्बन्धी अन्य व्यवस्था संसदीय दलको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) स्थानीय तहमा दलको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरु रहेको स्थानीय तह संसदीय समिति गठन गर्न सकिनेछ ।

(५) उपधारा (४) बमोजिम गठन हुने स्थानीय संसदीय समिति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम गठन हुने संसदीय दल तथा संसदीय समितिको पदावधि सम्बन्धित तहको संसद, सभाको अवधि भर हुनेछ ।

(७) संसदीय दल केन्द्रीय समिति प्रति जवाफदेही हुनेछ ।

**(८) पार्टीको तर्फबाट प्रतिनिधि सभा संसदीय दलको नेता छनोट**

(क) संघीय निर्वाचन अगावै पार्टीको तर्फबाट संघीय निर्वाचनको लागि समानुपातिक र प्रत्यक्षतर्फ छनोट भएका उम्मेदवारहरुमध्ये इच्छुक उम्मेदवारहरुबीच प्रतिनिधि सभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ।

(ख) उपधारा (क) बमोजिमको निर्वाचनमा पार्टीका सम्पूर्ण साधारण सदस्यहरु मतदाता हुन पाउने छन् ।

(ग) उपधारा (क) र (ख) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५०%+१) को संख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ। कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को संख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुई उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ ।

(घ) यस धारा बमोजिमको निर्वाचन केन्द्रीय समितिले तोके बमोजिमको मितिमा हुनेछ र केन्द्रीय निर्वाचन आयोगले

सो प्रक्रिया सञ्चालन गर्नेछ ।

(ङ) संसदीय दलको नेतालाई पार्टीका साधारण सदस्यहरुको बहुमतले यस विधान बमोजिम फिर्ता बोलाउने निर्णय नगरेसम्म पार्टीको संसदीय दलको नेताबाट हटाउन पाउने छैन तर निजको कुनै पनि कारणले विधान बमोजिमको योग्यता कायम नरहेमा केन्द्रीय समितिको निर्णयले संसदीय दलको नेताबाट हटाउन पाइने छ ।

(च) माथि जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावित संसदीय दलको नेता राष्ट्रिय निर्वाचनमा पराजित भएमा वा कुनै कारणवश संसदीय दलको नेताको पद रिक्त भएमा पार्टीको तर्फबाट विजयी इच्छुक उम्मेदवारहरु बीच प्रतिनिधिसभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ । यस निर्वाचनमा पार्टीका सम्पूर्ण सदस्यहरु मतदाता हुन पाउने छन् ।

(छ) उपधारा (६) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५०%+१) को संख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ । कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को संख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुई उम्मेदवार बीच पुनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ ।

(ज) पार्टीको संसदीय दलको नेता पार्टीले सरकारको नेतृत्व लिएमा प्रधानमन्त्री हुनेछ ।

## ६७. पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता छनोट

(१) प्रदेश निर्वाचन अगावै पार्टीको तर्फबाट प्रदेश निर्वाचनको लागि समानुपातिक र प्रत्यक्षतर्फ छनोट भएका उम्मेदवारहरुमध्ये इच्छुक उम्मेदवारहरुबीच प्रदेश सभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ ।

(२) उपधारा (१) बमोजिमको निर्वाचनमा पार्टीका सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका सम्पूर्ण साधारण

सदस्यहरु मतदाता हुन पाउनेछन् ।

(३) उपधारा (१) र (२) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५०%+१) को संख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ । कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को संख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुइ उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ ।

(४) यस धारा बमोजिमको निर्वाचन केन्द्रीय समितिले तोके बमोजिमको मितिमा हुनेछ र केन्द्रीय निर्वाचन आयोगले सो प्रक्रिया सञ्चालन गर्नेछ ।

(५) प्रदेश सभा संसदीय दलको नेतालाई सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरुको बहुमतले यस विधान बमोजिम फिर्ता बोलाउने निर्णय नगरेसम्म पार्टीको प्रदेश सभा संसदीय दलको नेताबाट हटाउन पाउने छैन तर निजको कुनै पनि कारणले धारा (७०) बमोजिमको योग्यता कायम नरहेमा केन्द्रीय समितिको निर्णयले संसदीय दलको नेताबाट हटाउन पाइने छ ।

(६) माथि जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावित प्रदेश सभा संसदीय दलको नेता राष्ट्रिय निर्वाचनमा पराजित भएमा वा कुनै कारणवश संसदीय दलको नेताको पद रिक्त भएमा पार्टीको तर्फबाट जितेका इच्छुक उम्मेदवारहरुबीच प्रदेश सभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ । यस निर्वाचनमा सम्बन्धित प्रदेश मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु मतदाता हुन पाउने छन् ।

(७) उपधारा (६) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५०%+१) को संख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ । कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को संख्यामा मत प्राप्त गर्न

नसकेमा बढी मत ल्याउने दुइ उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ ।

(८) पार्टीको प्रदेश सभा संसदीय दलको नेता पार्टीले सरकारको नेतृत्व लिएमा मुख्यमन्त्री हुनेछ ।

## ६८. पालिका सभा दल, प्रदेश सभा दल, प्रतिनिधि सभा दल, राष्ट्रिय सभा दल र संघीय संसदीय दलको व्यवस्था

(१) सम्बन्धित क्षेत्रमा पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरुको पालिका सभा दल, प्रदेश सभा दल, प्रतिनिधि सभा दल, राष्ट्रिय सभा दल र संघीय संसदीय दलको व्यवस्था केन्द्रीय समितिले जारी गर्ने नियमावली बमोजिम हुनेछ ।

(२) पार्टीको प्रदेश समिति र प्रदेश सभा दलको संयुक्त बैठक बस्न सक्नेछ तथा केन्द्रीय समिति र संघीय संसदीय दलको संयुक्त बैठक बस्न सक्नेछ । यी बैठकको व्यवस्था, सञ्चालन तथा प्रक्रिया केन्द्रीय समितिले जारी गर्ने नियमावली बमोजिम हुनेछ ।

## ६९. जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार

(१) पार्टीका सम्बन्धित क्षेत्रको साधारण सदस्यहरुलाई आफ्ना जनप्रतिनिधिले चित्त बुझ्दो काम नगरे फिर्ता बोलाउन पाउने अधिकार हुनेछ । केन्द्रीय समितिले बनाउने नियमावली बमोजिम सम्बन्धित क्षेत्रको साधारण सदस्यहरु निश्चित संख्या वा प्रतिशतले निर्णय गरे पार्टीको केन्द्रीय समितिले सम्बन्धित जनप्रतिनिधिको पदको खारेजीलाई प्रक्रिया सुरु गरिनेछ ।

(२) पार्टीका समानुपातिक जनप्रतिनिधिले पार्टीहित विपरित काम गरेमा वा कार्यसम्पादन मुल्याङ्कनको आधारमा वा अन्य मनासिब कारण भएमा केन्द्रीय समितिले फिर्ता बोलाउन सक्नेछ। केन्द्रीय समितिले नियमावली बमोजिम जनप्रतिनिधिको पद खारेजीसम्मको प्रक्रिया गर्नेछ ।

## भाग - २२
## कार्यसम्पादन मूल्याङ्कन तथा परिवारवादलाई निषेध

### ७०. कार्यसम्पादन मूल्याङ्कन

(१) पार्टीको प्रत्येक तहका समितिको कार्यसम्पादन मूल्याङ्कन उक्त समितिको एक तह माथिल्लो समितिले गर्नेछ । त्यस्तै विभाग र संयन्त्रहरुको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धित तहको समितिले गर्नेछ ।

(२) सम्बन्धित समितिका पदाधिकारीहरुको कार्यसम्पादन मूल्याङ्कन उक्त समितिको सभापतिको नेतृत्वमा हुनेछ।

(३) कार्यसम्पादन मूल्याङ्कनको आधारमा थप प्रोत्साहित गर्ने, आवश्यक सुधारको लागि प्रशिक्षण गर्ने, सजग गराउने तथा अन्य पुरस्कार एवम् दण्ड सम्बन्धी व्यवस्था गरी पार्टी संरचनालाई चुस्त दुरुस्त राखिनेछ ।

(४) कार्यसम्पादन मूल्याङ्कन अत्यन्त कमजोर रहेको, सुधार गर्न नसकिने अवस्था देखिएको अवस्था सिफारिस सहितको प्रतिवेदनको आधारमा विश्वस्त रहेमा केन्द्रीय समितिले सम्बन्धित समिति वा संयन्त्र विघटन गर्न सक्नेछ ।

(५) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी थप व्यवस्था केन्द्रीय समितिले निर्धारण गरे अनुसार हुनेछ ।

### ७१. परिवारवादलाई निषेध

(१) पार्टीमा एकै परिवारको एक जना भन्दा बढी सदस्य पार्टीको कुनै समान तहको समिति, विभाग, आयोग वा संयन्त्रमा नियुक्ति, मनोनीत वा निर्वाचित हुन पाउने छैन ।

(२) पार्टीको केन्द्रीय निकाय र प्रदेश निकायका सदस्यको परिवारबाट पार्टीको कुनै पनि निकाय र पार्टीको तर्फबाट राज्यका कुनै पनि निकायमा नियुक्तिका लागि सिफारिस वा मनोनीत गरिने छैन ।

(३) 'परिवार' भन्नाले पति, पत्नी, बाबु, आमा, सौतेनी बुवा,

सौतेनी आमा, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी, नाति, नातिनी, बाजे, बज्यै, ठूलो बुबा, ठूली आमा, काका, काकी, फुपू, मामा, जेठान, जेठानी, जेठी सासु, देवर, नन्द, साला, साली र निजहरुका पति वा पत्नीसमेतलाई जनाउने छ ।

## भाग - २३
## विविध

### ७२. पार्टी विघटन हुने अवस्था

(१) पार्टी विघटन प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) पार्टी विघटन भएमा पार्टीको सम्पत्ति सम्बन्धी दायित्व प्रचलित कानुन बमोजिम हुनेछ ।

### ७३. पार्टी एकीकरण वा विभाजन

(१) पार्टीको केन्द्रीय समितिको दुई तिहाइले प्रचलित कानुन बमोजिम अन्य पार्टीसँग एकीकरण गर्न सक्नेछ ।

(२) पार्टी विभाजन प्रचलित कानुन बमोजिम हुनेछ ।

### ७४. पार्टी सदस्यलाई एजेण्डा उठाउने अधिकार

पार्टीका कुनै तहका समितिमा सदस्य नरहेका पार्टी सदस्यहरुले आफू सम्बन्धित वडा समिति मार्फत् पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ र त्यसरी उठाइएको एजेण्डा वडा समितिमा छलफल हुनुपर्नेछ । सबै तहका समितिलाई आफ्नो एक तह माथिको समितिमा एजेण्डा उठाउने अधिकार हुनेछ । वडा समितिले पालिका समिति, पालिका समितिले जिल्ला परिषद्, जिल्ला परिषद्ले प्रदेश परिषद् र प्रदेश परिषद्ले केन्द्रीय समितिमा पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ ।

### ७५. पार्टीका तहगत समितिबीचको सम्बन्ध

पार्टीका तहगत समितिहरुले आफ्नो उपल्लो समितिको निर्णय र निर्देशनलाई कार्यान्वयन गर्नुपर्दछ ।

**७६. पार्टीका सदस्यहरुमा सार्वभौमिकता निहित**

पार्टीको कुनै पनि तहको निर्णय उक्त तहमा मतदाता ठेगाना भएका सम्पूर्ण सदस्यहरुको बहुमतले खारेज गर्न सक्नेछ ।

**७७. विधान संशोधन**

पार्टीको केन्द्रीय परिषद्को सामान्य बहुमतले विधान संशोधन गर्न सक्नेछ ।

**७८. विधानको व्याख्या**

यस विधानको व्याख्या केन्द्रीय समितिले गर्नेछ ।

**७९. नियमावली बनाउने र कार्यविधि जारी गर्ने**

पार्टीको केन्द्रीय समितिले पार्टीको विधान अन्तर्गत रही आवश्यकता अनुसार नियमावली तथा निर्देशिका बनाउन वा परिपत्र जारी गर्न सक्नेछ । प्रदेश समिति र पालिका समितिले पनि यसै विधानलाई आधार मानेर आ-आफ्नो तहमा नियमावली तथा निर्देशिका बनाउन वा परिपत्र जारी गर्न सक्नेछ ।

**८०. बाधा अडकाउ फुकाउ**

यस विधान लागू गर्ने क्रममा कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार केन्द्रीय समितिलाई हुनेछ । ।

**८१. युवा सहभागिता**

पार्टीको सबै तहका संरचना तथा निकायहरुमा युवालाई प्राथमिकतामा राखिनेछ ।

**८२. समानुपातिक समावेशी**

पार्टीमा प्रचलित कानुन र नेपालको संविधानले परिकल्पना गरे अनुसार समानुपातिक समावेशिता लागू गरिनेछ ।

**८३. समानता र योग्यता**

पार्टीको कुनै पनि निकायमा र पार्टीको तर्फबाट राज्यका कुनै पनि निकायमा नियुक्तिका लागि सिफारिस गर्दा वा मनोनीत गर्दा समानता

र योग्यतालाई प्रमुख आधार मानिनेछ ।

## ८४. शपथ ग्रहण

(१) पार्टीका सदस्यले र पार्टीका सबै निकायका सदस्य तथा पदाधिकारीले अनुसूची - ४ बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) सबै तहका सभापति वा प्रमुखलाई केन्द्रीय निर्वाचन आयोगले तोकेको प्रतिनिधिले र समितिका अन्य सदस्यलाई सम्बन्धित तहको सभापति वा प्रमुखले शपथ ग्रहण गराउनेछ ।

(३) पार्टीका सदस्यलाई शपथ लिई सकेको पार्टी सदस्य वा केन्द्रीय समितिले तोकेको पदाधिकारीले शपथ गराउनेछ।

## ८५. परिवर्तनशील नेतृत्व प्रणाली

सबै तहका पदाधिकारीहरु एकै पदमा दुई कार्यकालभन्दा बढी निर्वाचित हुन पाउने छैन । यद्यपि निजहरुको पहिलो महाधिवेशन अगाडिको कार्यकाल गणना गरिने छैन ।

## ८६. सम्पर्क व्यक्ति

पार्टी महामन्त्रीले राष्ट्रिय निर्वाचन आयोगसँग सम्पर्क गर्नेछन् ।

## ८७. संक्रमणकालीन व्यवस्था

(१) पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, पालिका, वडा अधिवेशनबाट नयाँ नेतृत्व चयन नहुन्जेल संक्रमणकालीन व्यवस्था लागु हुनेछ ।

(२) पार्टीको प्रथम पटकको राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, पालिका, वडा अधिवेशन एकैपटक क्रमशः गरिने छ र त्यसपछि महाधिवेशन र अधिवेशन विधानले तोके बमोजिम हुनेछ ।

(३) पहिलो महाधिवेशन नभएसम्म यस विधानको कार्यान्वयनमा कुनै कठिनाइ आए वा यसमा उल्लेख गरिएका संरचनाहरुको पदपूर्ति गर्नुपर्ने भए केन्द्रीय समितिले वा त्यसले अधिकार प्रत्यायोजन गरेका व्यक्ति, समिति वा निकायले गर्न सक्नेछ ।

(४) पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन अघि केन्द्रीय समितिले विधान

संशोधन गर्न सक्नेछ ।

## ८८. खारेजी र बचाउ

यो संशोधित विधान केन्द्रीय समितिले पारित गरेको मितिबाट लागु हुनेछ। संशोधित विधान प्रारम्भ हुँदाका बखत कायम रहेका नियमावली, निर्देशिका, तथा कार्यविधि केन्द्रीय समितिका निर्णयलेले खारेज वा संशोधन नभएसम्म लागु रहनेछन् । तर यो विधानसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

# अनुसूचीहरू

## अनुसूची - १
## छाप

दुईवटा गोलाकारको बीचमा माथिल्लो भागमा घडी घुम्ने दिशा तर्फ राष्ट्रिय स्वतन्त्र पार्टी तथा घडी घुम्ने दिशाको उल्टोतर्फ केन्द्रीय कार्यालय काठमाडौं लेखिएको र दुई वटा गोलाकारको बीचमा घण्टीको आकृति र तल स्थापना मिति उल्लेख रहनेछ ।

## अनुसूची - २
## (धारा ६ सँग सम्बन्धित)
## पार्टीको चुनाव चिन्ह


पार्टीको चिन्ह घण्टी रहनेछ ।



## अनुसूची - ३

### पार्टीको झण्डा

नीलो पृष्ठभूमिको मध्य भागमा सेतो रङ्गको गोलाकार बीचमा नीलो रङ्गको घण्टीको आकृति हुनेछ । नीलो पृष्ठभूमिले खुल्ला आकाश जस्तै विशाल र स्वच्छ भाव जनाउनेछ भने घण्टी चिन्हले नियमनको भाव जनाउँछ। झण्डाको चौडाइ र लम्बाइको अनुपात २:३ हुनेछ। दलको झन्डाको नमूना तल राखिएको छ ।



## अनुसूची - ४

## शपथको ढाँचा

## राष्ट्रिय स्वतन्त्र पार्टी
## शपथ पत्र

म ............................................ मुलुक र जनता तथा राष्ट्रिय स्वतन्त्र पार्टीको विधानप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दै इमानका साथ ईश्वर, देश र जनताको नाममा शपथ लिन्छु कि पार्टीप्रति पूर्ण बफादार र हुँदै ....................................समिति/विभाग/आयोगको .................. पदको कामकाज प्रचलित कानून र पार्टीको विधानको अधिनमा रही मुलुक र जनताको भलो चिताई, कसैको डर नमानी पक्षपात नगरी पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीका साथ गर्नेछु ।

मितिः

हस्ताक्षर :

नामः

ठेगानाः

पार्टी झण्डा

चुनाव चिन्ह

**केन्द्रीय कार्यालय:**

च:मति, वनस्थली, काठमाडौं - १६, नेपाल | + ९७७ ०१ ५९१४५९१, ९८५१३६०६६६

info@rspnepal.org | www.rspnepal.org